मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक ८४ | २०७९ साल माघ १८ गते बुधवार | Wednesday 1, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

थुनुवा फरार प्रकरण

## ३ प्रहरी निलम्बित, इन्चार्ज यादव जिल्ला तानिए, फरार मध्ये २ पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, माघ १७ । धनुषाको ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट थुनुवाहरु फरार भएको घटनामा ३ जना प्रहरीलाई निलम्बन गरिएको छ भने ईप्रका इन्चार्ज प्रहरी निरिक्षक जिल्लामा तानिएको छ।

आइतवार बिहान ३ बजे ईप्रका महेन्द्रनगरको हिरासत कक्षबाट ६ जना थुनुवा भागेका थिए। सो घटनाको अनुसन्धानको क्रममा हिरासत कक्ष अधिकृत सहित ३ जना प्रहरीलाई निलम्बन गरिएको जनाइएको छ।

निलम्बनमा पर्नेहरुमा ईप्रका महेन्द्रनगरको हिरासत कक्ष अधिकृत असई अशोक मण्डल प्रहरी हवल्दार सरोज रेग्मी र प्रहरी जवान रोहन मगरलाई निलम्बन गरिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता सुमन तिम्सिनाले जानकारी दिएका छन्। घटनाको प्रदेश प्रहरी कार्यालयका एसएसपी मनोजकुमार यादवको संयोजकत्वमा गठित छानविन समितिले अनुसन्धान गरिरहेका छन्।

यता जिल्ला प्रहरी कार्यालय धनुषाले समेत प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीको संयोजकत्वमा ५ सदस्यीय छानविन समिति गठन गरेको छ। ती टोलीले ईलाका प्रहरी कार्यालय महेन्द्रनगरका इन्चार्ज प्रहरी निरिक्षक बेचन यादवको लापरवाही देखिएको भन्दै जिल्लामा तानिएको छ।

यादवलाई जिल्लामा तानिएपनि सो ठाउँमा नयाँ इन्चार्ज पठाइएको छैन। प्रहरी उपरीक्षक क्षेत्रीले भने प्रहरी निरिक्षक बेचन यादवलाई जिल्लामा तानेका छौं, घटनाको अनुसन्धान हुँदैछ दोषी देखिए उनलाई निलम्बन गर्ने वा कानून बमोजिम कारवाही प्रक्रिया अघि बढाइनेछ। सो ईप्रका इन्चार्ज विहिन रहेको प्रसंगमा उनले भने 'यादवलाई हामीले जिल्ला मात्रै तानेका छौं जिम्मेवारी मुक्त गरेका छैनौं, अर्को इन्सपेक्टर आए लगत्तै उनलाई जिम्मेवारी दिनेछौं।

प्रहरी निरिक्षक बेचन यादव लामो समयदेखि सोही ईप्रकामा कार्यरत छन्। उनको यो पहिलो घटना होइन यसअघि पनि महिला प्रहरीसंग अभद्र व्यवहार गरेको आरोप लागेका थिए। त्यस बेला पनि उनलाई जिल्लामा तानिएको थियो। पछि सोही ठाउँमा उनलाई फिर्ता पठाइयो। राजनीतिक शक्तिको आडमा उनी सो ईप्रकामा लामो समयदेखि बस्दै आएको श्रोतको दाबी छ।

सोमवार बिहान साढे ३ बजेको समयमा ईप्रका महेन्द्रनगरको हिरासत कक्षको पर्खाल फोडेर हातहतियार मुद्दाका रोशन महतो, शंकर सिंह, लागुऔषध मुद्दा लागेका विनोदकुमार शर्मा र अमित मण्डल र राष्ट्र सेवक बाधा मुद्दाका रोशन यादव र हरिदीप सिंह फरार भएका थिए।

यसैबीच जिल्ला प्रहरी कार्यालय धनुषा र मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले फरार भएका थुनुवाहरुको खोजी कार्य तिव्र पारेका छन्। फरार भएका मध्ये दुई जनालाई सर्च अपरेशनको क्रममा दुई जनालाई पक्राउ गरेको छ। मंगलवार सार्वजनिक शान्ति विरुद्धको अपराध मुद्दा शिर्षकको थुनुवा जिल्ला धनुषा क्षिरेश्वरनाथ न.पा. वडा नं. २ बस्ने अ. वर्ष २५ को अमित मण्डललाई पक्राउ गरेका छन्। यसअघि सोमवार हातहतियार मुद्दाका फरार अभियुक्त रोशन महतोलाई पक्राउ गरेको थियो।

सोमवार बिहान साढे तीन बजेको समयमा ईप्रका महेन्द्रनगरको हिरासत कक्षको पर्खाल फोडेर हातहतियार मुद्दाका रोशन महतो, शंकर सिंह, लागुऔषध मुद्दा लागेका विनोदकुमार शर्मा र अमित मण्डल र राष्ट्र सेवक बाधा मुद्दाका रोशन यादव र हरिदीप सिंह अझै फरार भएका थिए।

भागबण्डा नमिल्दा

## मन्त्रिपरिषद् विस्तारमा ढिलाई

### सहमतिको बाधक सामाजिक विकास मन्त्रालय र माओवादी

मधेशदृष्टि
जनकपुरधाम, १७ माघ। मधेश प्रदेश सरकार गठनको तेश्रो साता बित्न लाग्दा पनि सत्ता साझेदार दलबीच भागबण्डमा सहमति हुन नसक्दा मन्त्रिपरिषद विस्तार हुन सकेको छ।

सत्ता साझेदार दलहरुबीच मन्त्रालय भागबण्डाको विषयमा सहमति जुटाउन प्रयास गर्दा पनि हुन नसक्दा गठबन्धन टुट्ने सम्भावना बढेको छ।

भगबण्डामा प्रमुख अड्चन सामाजिक विकास मन्त्रालय परेको छ। जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टी दुवैले गर्दै आएको तथा माओवादी केन्द्रले दुई वटा मन्त्रालय दिनुपर्ने अडान राखेको कारण सहमति जुट्न नसक्दा मन्त्रिपरिषद विस्तार हुन नसकेको श्रोतले जनाएको छ।



हुनत मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रिपरिषद् विस्तार आज हुन्छ, भोली हुन्छ भन्दै सञ्चारकर्मीलाई एक सातादेखि भन्दै भाडा टाल्दै आएका छन्। श्रोतका अनुसार कसले कुन मन्त्रालय पाउने विषयमा सहमति हुन नसक्दा मुख्यमन्त्री सरोजकुमार यादवलाई सरकार विस्तार गर्न समस्या भएको हो।

मुख्यमन्त्री यादवले तत्काल सरकार विस्तार गर्ने बताए पनि गठबन्धनमा कुरा नमिल्दा सरकार विस्तारको काम पर धकेलिएको हो। मुख्यमन्त्री यादवले ४ माघमा नै सभामुख र उपसभामुखको शपथ ग्रहण कार्यक्रममा आगामी दुई/तीन दिनभित्रमा मन्त्रिपरिषद् विस्तार गर्ने बताएका थिए। सञ्चारकर्मीको प्रश्नमा उनले आफूले विश्वासको मत लिएपछि आगामी दुई/तीन दिनमा मन्त्रिपरिषद् विस्तार गर्ने बताएका थिए।

जनमत पार्टीका संसदीय दलका नेता महेश यादवले आफूहरुले सुरुदेखि नै सामाजिक विकास मन्त्रालय मागेपनि यसमा सहमति जुट्न नसकेको बताए। उनले भने, 'सत्तारुढ दलहरुबीच पुस १९ गते भएको सहमति अनुरूप जनमतलाई सामाजिक विकास मन्त्रालय दिने सहमति भएपनि माघ १३ गते हामीलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइयो।

उनले भने जनमतले सामाजिक विकास मन्त्रालयलाई यथावत राख्दै तत्कालका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय स्वीकार गरेका छौं, तर सामाजिकमा हाम्रो अडान अझै कायमै छ।

पछिल्लो छलफलमा जनमत सो अडानमा यथावत रहेपछि अन्तिममा मुख्यमन्त्री यादवले समाजिक विकास नै लिने भए त्यसबाट स्वास्थ्य झिकेर स्वास्थ्य तथा जनसंख्या थप एक मन्त्रालय बनाउने प्रस्ताव गर्दा, जनमतले पनि हुन्छ भनेको तर मन्त्रालय थप्ने स्थितीमा कृषिमा सिचाँई पनि थप्न जनमतले नयाँ सर्त अघि सारेको बुझिएको छ।

त्यसपछि मुख्यमन्त्रीले यसमा छलफल गर्न सक्ने भनेको मुख्यमन्त्रीको भनाई उदृत गर्दै एक नेताले भने, 'अव माओवादीलाई मिलाएछि भागबण्डा मिल्छ।' जनमतको नेताले जे जे झिक्न मन छ झिक्नोस तर समाजिक विकास हामि छाडदैनौ र नपाएर सरकारमा बस्दैनौ भन्ने अडान राखेका छन्।

जनमत र जसपाबीच सहमति जुट्न नसक्दा नेकपा माओवादी केन्द्रले पनि आफ्नो छुट्टै अडान पेस गरेको छ। मुख्यमन्त्री यादवले गठबन्धनको केन्द्रिय सहमति अनुसार माओवादीलाई एक मन्त्री र एक राज्यमन्त्री मात्रै दिने भन्दै आएको अवस्थामा माओवादी मधेस प्रदेश संसदीय दलका नेता भरतप्रसाद साहले आफूहरुले दुईवटा मन्त्रालय

- बाँकी पृष्ठ ६ मा

## श्रीमान श्रीमति मिलेर बस्ने भनी निहारिका र शिवराजबीच मिलापत्र

मधेशदृष्टि
जनकपुरधाम, १७ माघ। आफूलाई बलात्कार गरेको भनी मुद्दा दिएकी निहारिका सिंह (सोनाली) र आरोपित शिवराज श्रेष्ठबीच मिलापत्र भएको छ।

जिल्ला अदालतले सफाइ दिएको भनेर उच्च अदालत जनकपुरधाममा पुनरावेदनको मुद्दा लडिरहेकी निहारिका राजपूतले अन्ततः शिवराज श्रेष्ठलाई आफ्नो पति भन्दै मिलापत्र गरेकी हुन्। सोमबार धनुषा जिल्ला अदालतका न्यायधिश ब्रजेश प्याकुरेलको एकल इजलासबाट निहारिका र शिवराजबीच मिलापत्र भएको हो। निहारिकाले श्रीमान श्रीमान रहेको स्वीकार्दै आफूले मिलेर बस्ने भनी शिवराजसँग मिलापत्र गरेकी हुन्।



आफूलाई कुमारी आमा भनेर चिनाउने सोनाली सिंह भनिएका निहारिकाले धनुषा जिल्ला अदालतमा प्रेमी शिवराज श्रेष्ठविरुद्ध बलात्कारको जाहेरी दिएकी थिइन्। तर धनुषा जिल्ला अदालतले शिवराज र सोनालीबीच प्रेमसम्बन्ध रहेको र प्रेमसम्बन्धमा समयमा भएको शारीरिक सम्बन्धलाई जबर जस्ती करणी भन्न नमिल्ने भन्दै शिवराजलाई सफाई दिएको थियो।

जिल्ला अदालतको फैसलाले

- बाँकी पृष्ठ ६ मा







# विपन्नलाई पक्की घर, वडाबाटै भत्ता

सर्लाही, १७ माघ

सर्लाहीको लालबन्दी नगरपालिकामा रहेका अति विपन्न चार परिवारका लागि निर्माण गरिएका पक्की घर हस्तान्तरण गरिएको छ।

प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत महेन्द्रनारायण निधी आवास योजना अन्तर्गत नगरपालिकाका वडा नं ६, ७, ९ र १७ का अति विपन्न परिवारका लागि निर्माण गरिएका घर हस्तान्तरण गरिएको प्रदेशसभा सदस्य बेची लुङ्गेली जानकारी दिए।

उहाँका अनुसार वडा नं ६ का वीरबहादुर क्याप्छाकी मगर, वडा नं ७ का बिशे राई, वडा नं ९ का शम्भु बलम्पाकी मगर र वडा नं १७ का लक्ष्मी थापाको परिवारलाई पक्की घर हस्तान्तरण गरिएको हो।

चार परिवारका लागि दुई कोठाको पक्की घर, किचन, शौचालय निर्माण गरिएको तथा प्रत्येक घरमा चापाकल पनि निर्माण गरिने लुङ्गेलीले बताए। प्रतिपरिवार रू पाँच लाख ५० हजार लागतमा घर निर्माण गरिएको हो।

आर्थिक अवस्था दयनीय रहेको तथा घाम, पानीमा ओत लाग्ने गतिलो घर नहुँदा कष्टपूर्ण जीवन निर्वाह गरिरहका आफूहरुले पक्की घर पाएपछि खुसी लागेको लालबन्दी नगरपालिका-६ का वीरबहादुरले बताए।

पानी चुहिने झुप्रो घरमा बस्दै आएकोमा लङ्गेलीको पहलबाट पक्की घर निर्माण भएपछि अत्यन्त खुसी लागेको लालबन्दी नगरपालिका-७ राईले बताए। महेन्द्र नारायणनिधि आवास योजना अन्तर्गत दोस्रो चरणमा लालबन्दी नगरपालिका ५, ६ र १० मा थप तीन परिवारका लागि घर निर्माण गर्न पहल गरिरहेको प्रदेशसभा सदस्य लुङ्गेलीले जानकारी दिए।




वडाबाटै सामाजिक सुरक्षा भत्ता

सर्लाहीको चक्रघट्टा गाउँपालिकाले वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरेको छ। वडा स्तरबाटै वृद्धवृद्धा, एकल महिला, अशक्त, अपाङ्गता र अन्य लाभग्राहीलाई भत्ता वितरण सुरु गरेको गाउँपालिकाका अध्यक्ष कृष्णकुमार यादवले जानकारी दिए।

गाउँपालिकामा आएर भत्ता लिन टाढापर्ने र सास्तीसमेत खेप्नुपर्ने भएपछि वडाबाटै भत्ता वितरण सुरु गरिएको अध्यक्ष यादवले बताए। उनका अनुसार सोमबार पहिलो दिन चक्रघट्टा गाउँपालिका १ शिवनगरमा पुगेर वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरिएको हो।

बैंकका कर्मचारी तथा पालिकाका कर्मचारी सम्बन्धित वडामा पुगेर वडाबाटै सामाजिक सुरक्षाभत्ता वितरण गर्ने गाउँपालिकाले जनाएको छ। पैदल वा सवारी साधनमा भत्ता बुझ्न आउँदा वृद्धवृद्धालाई निकै समस्या हुने गरेको गुनासो आएपछि वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरिएको उनको भनाइ छ।रासस

# नगर प्रमुखको विरुद्धमा जनप्रतिनिधिहरु नै धर्नामा

डम्बर राई

कञ्चनरुप १७ माघ।

सप्तरीको कञ्चनरुप नगरपालिकामा नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत विरुद्ध जनप्रतिनिधिहरु धर्नामा बसेका छन्।

नगर उपप्रमुख मुना पोखरेलको नेतृत्वमा कार्यालय अगाडि सातजना वडा अध्यक्ष र सातजना कार्यपालिका सदस्यहरु सोमवार विहान ११ बजेदेखि धर्नामा बसेको हो। नगर प्रमुख ललन प्रसाद गुप्ता र प्रमुख प्रशासकीय अधिकृत रेणुका साहले नियम विपरित काम गर्दा आफुहरुले पटक पटक यस्तो नगर्न आग्रह गर्दा समेत अटेर गरेकाले धर्ना बस्न वाध्य भएको नगर उपप्रमुख पोखरेलले बताइन्।

दुइ दिनसम्म बस्ने धर्नामा वडा १ का वडा अध्यक्ष रब्बान खाँन, वडा २ का मोहम्मद मेहदी हुसैन, वडा ३ का गुल्टेन चौधरी, वडा ६ का बच्चुलाल चौधरी, वडा ९ का रामसुन्दर यादव, वडा ११ का ललित कुमार गोजेवार, वडा १२ का देवी बहादुर खत्री र कार्यपालिका सदस्यहरुमा क्रमशः तनुकलाल शर्मा, सीता पौडेल, मंजुदेवी खंग, शोभा पासवान, गीतादेवी चौधरी, रंजुदेवी सरदार लगायत छन्।

भर्खरै प्रमुख प्रशासकीय अधिकृत साहले आवश्यकताका आधारमा भन्दा गलत मनसायले गरिएको सरुवा रोक्न उपप्रमुख पोखरेल सहित १५ जना बहुमत कार्यपालिका सदस्यहरुले आइतवार नगरप्रमुख गुप्तालाई ज्ञापन पत्र बुझाएको थियो। सरुवा गरिएका वडा सचिव, कर्मचारी र कार्यालय सहयोगीहरुको सरुवा स्थगित भएको निर्णय नभएको खण्डमा सोमवार र मंगलवार कार्यालयमा धर्ना दिने र त्यस पछिपनि समस्या समाधान नगरिए आन्दोलनमा जाने ज्ञापन पत्र मार्फत नगरप्रमुखलाई जानकारी दिइएका छन्।

पलिकाका १२ वटै वडाका वडा सचिव, कर्मचारी र कार्यालय सहयोगीहरुलाई सरुवा गरिएको बिषयमा बहुमत कार्यपालिका सदस्यहरुले बैठक बोलाउन माँग राख्दै आएका छौ तर बैठक अझै बोलाएको छैन ६ नम्वर वडा अध्यक्ष बच्चुलाल चौधरीले भने सरुवा विषयलाई बैठकको निर्णयले नै छिनोफानो गर्ने भनेर यहि माघ ३ गते बैठकको माँग गरेका थियौं। बैठक बोलाउनुको सट्टा कर्मचारीलाई धम्काएर सरुवाको चिठी बुझ्न लगाइएका छन्। हामीहरुले पटक पटक उक्त सरुवा रोक्न आग्रह गर्दा समेत बहुमत कार्यपालिका सदस्यहरुको निर्णयलाई अटेर गरीएको उनिहरुको भनाई छन्।

प्रमुख प्रशासकीय अधिकृतको कुरामा लागेर नगर प्रमुख अनियमित ढंगमा प्रस्तुत हुदै आएका छन् कार्यपालिका सदस्य वडा अध्यक्ष चौधरीले भने साहपनि कर्मचारी नै हो तर उसको सबै कुरा नगरप्रमुखले मान्नुपर्ने कारण के ? साउन महिनामा यि दुबैले मनपरी ढंगबाट हामीहरुलाई थाहै नदिई १३ जनाको जागिर समाप्त गरिदिइएका छन्। जसमा दुई जना सव इन्जिनियर, पाँचजना चालक, बाँकी छजना कार्यालय सहयोगी छन्। निर्णय नै नगरी जागिरबाट के कति कारणले हटाइयो ? प्रसंग सहित नीजहरुलाई यथावत स्थानमा पूनः राख्नुपर्छ भन्दै आजसम्म माँग गर्दै आएका छौ तर नगरप्रमुख आफैले गद्धार गर्दै आएको उनिहरुले सुनाए।

वडा नम्वर १, ३, ६, ९, का स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र वडा ८ र पशुपंक्षी विकास शाखाका कार्यालय सहयोगीलाई कामबाट हटाइए पछि त्यस शाखामा कर्मचारी अभावले काम गर्न ठूलो समस्या खेप्न परेको वडा अध्यक्षहरुले बताए। कार्यालयको नियमनसंगै आफुहरुले बहुमतका साथ उठाइएका सान्दर्भिक सवाललाइ ध्यान पुर्‍याइयोस् भन्ने अनुरोध साथ नगरप्रमुखलाई भनेर थाक्यौं कार्यपालिका सदस्य तनुकलाल शर्माले भने। गत आर्थिक बर्ष प्रमुख प्रशासकीय अधिकृत साहले सेनेटरी प्याड खरीदमा २२ लाख घोटला गरेको विवरणको नगरप्रमुख गुप्तालाई जानकारी गरायौं तर यसमा उहाँले कुनै चासो दिइएन उनले भने वास्तविक के हो ? छानविन त हुनु पर्‍यो नी ? यसै प्रसंगको हिसाव हामीले माग्दै आएका छौ तर नगरप्रमुख गुप्ताले झारा टार्ने काम गर्दै आएका छन्।

निर्वाचित भएर नगरप्रमुख समालेको नौ महिना पूरा नहुदै उनको विरुद्धमा बहुमत जनप्रतिनिधिहरु कार्यालय घेराउ तथा धर्ना दिने जस्ता कार्यले नगरको विकास हुनसक्ला ? र जनताले तपाईहरुसंग के अपेक्षा गर्लान् त ? भन्ने प्रसंगमा हामी जनताको काम गर्न आएका हौं, पार्टी, वर्ग, समुदाय, जात, भाषा, धर्म र लिङ्गभेदको भेदभाव गर्न मिल्दैन, एकरुपतामा सबैलाई राखेर विकास गरौं भन्ने मनस्थिति हो तर नगरप्रमुख फरक ढंगबाट प्रस्तुत भएपछि यसको असर हामीलाई पनि पर्न जाने भएकोले वाध्यतावश अपनाइएको हो।

गत आर्थिक बर्षको हिसाव हेर्न माग्दै आएका छौ तर यो पनि आलटालमै सिमित छ वडा नम्वर १ का वडाध्यक्ष रब्बान खानले भने चिसोबाट जोगिन दाउरा वितरणका लागि नगरपालिकाले १० लाख छुट्टाइएको सुनियो तर के कति दाउरा बाँडियो थाहा भएन। नगरप्रमुखले स्थानिय प्रशासन मन्त्रालयमा पत्राचार गरेर सरुवा रोकाएको प्रमुख प्रशासकीय अधिकृत साहलाई सेवा सुविधामा कुनै रोकथाम छैन तर नगर उपप्रमुख पोखरेल भने वडा वडामा पैदलै पुग्छिन्।

कार्यालयमा २ वडा सवारी गाडी भएपनि नगरप्रमुख र प्रमुख प्रशासकीय आधकृत वाहेक कोहि सवार गर्न सक्दैनन्। आफु अनुगमनमा जाँदा कसैको मोटरसाइकल वा अटोरिक्सा भएर जान्छु पोखरेलले गरनासो गरीन्। प्रमुख प्रशासकीय अधिकृत साहलाई नगरपालिकाले प्रति महिना एकलाख बढी खर्चको सुविधा दिइएको छ। उनलाई कोठा वापत रु २० हजार कार्यालयले व्यहोर गर्दै आएपनि उनी माइत राजविराज नै वास लिन पुग्ने गरेको नगर उपप्रमुख पोखरेलले बताइन्। कार्यालयको काम वाहेक साँझमा गाडी लिइएर माइत जाने विहान आउने सुविधा उनलाई छ तर म पैदलै हिड्छु किनकी मलाई गाडी चढने अधिकार छैन रे नगर प्रमुखले नै यस्तो भनेर गाडी चढ्न वाधा लगाएको छ उप प्रमुख पोखरेलको कथन छ।

साहको खाना पकाउने र व्यक्तिगत कार्यसेवाका लागि २५ हजार तलवी कर्मचारी, गाडी इन्धन वापत ४० हजार, अन्य खर्च वापत २० हजार सो भन्दा बढी खर्च देखिन्छ।

# नीति तथा योजना आयोगका उपाध्यक्ष डा. झाद्वारा पदबाट राजीनामा

मधेशदृष्टि

जनकपुरधाम, १७ माघ।

मधेस प्रदेशको नीति तथा योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झाले मंगलबार पदबाट राजीनामा दिएका छन्।

प्रदेशको समग्र विकासको योजना बनाउने उद्देश्यसहित गठित आयोगका उपाध्यक्ष झाले मंगलवार पदबाट राजीनामा दिएका हुन्। चुनावपश्चात् नयाँ सरकार गठन भएसँगै नैतिकताको आधारमा आफूले राजीनामा दिएको झाले मधेशदृष्टिलाई बताएका छन्। प्रदेशको सन्तुलित र समष्टिगत विकासका लागि आवश्यक नीति, रणनीतिक विषयक्षेत्रका दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना बनाउने तथा प्रदेशको आवश्यक नीति निर्माण कार्यमा प्रदेश सरकारलाई सहयोग पुर्‍याउने मुख्य जिम्मेवारीसहित मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश नीति आयोगको गठन हुने व्यवस्था छ।डा. झा २०७६ भदौ २२ गते मधेस प्रदेशको नीति तथा योजना आयोगको उपाध्यक्षमा नियुक्त भएका थिए। यसअघि रहेका नीति आयोगका उपाध्यक्ष डा. हरिवंश झालाई हटाएर डा. भोगेन्द्र झालाई ल्याइएको थियो।त्रिभुवन विश्वविद्यालय अन्तर्गत अर्थशास्त्रको प्राध्यापकबाट केही वर्षअघि अवकाश भएका डा. झा नेपालको चर्चित अर्थशास्त्रीको रूपमा चिनिन्छन्।



# चोरीमा संलग्न ५ युवक पक्राउ



मधेशदृष्टि

जनकपुरधाम, १७ माघ। धनुषा प्रहरीले विभिन्न ठाउमा भएको चोरीमा संलग्न ५ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा जनकपुरधाम उपमहानगरपालिका-१४ बस्ने रतिश गुप्ता, सर्लाहीको चक्रघट्टा गाउँपालिका-७ बस्ने २१ वर्षीय रविन्द्र कुमार यादव, सोही ठाउँ बस्ने २२ वर्षीय चन्दन कुमार यादव, जनकपुरधाम-२४ बस्ने सरोज कुमार महतो र श्याम सुन्दर महतो रहेका छन्। सोमबार जनकपुरधामको शिवचोकस्थित विनोद गामीको कपडा पसलमा मिथिला बिहारी नगरपालिका-२ बस्ने ईद्रिश कवारी मियाँका छोराले उक्त पसलमा कपडा खरिद गर्ने क्रममा आफ्नो छेउमा राखेको मोबाइल रतिश गुप्ताले चोरी गरेर भागेका थिए।

त्यस्तै, सोमबार राति ८ बजेको समयमा महोत्तरीको बर्दिबास नगरपालिका वडा नम्बर-१ बस्ने २९ वर्षीय राजकुमार श्रेष्ठले आफ्नो ज. ६ प. ७७१४ नम्बरको मोटरसाइकल धनुषाको मिथिला नगरपालिका-१० लालगढस्थित मोडेल अस्पतालको छेउमा पार्किङ गरी राखेको बेला रविन्द्र र उनकै साथि चन्दनले चोरी गरेर भागेका थिए।

उता, १४ गते राति जनकपुरधाम-४ बस्ने संजिव कुमार रायको घरबाट अज्ञात व्यक्तिहरूले कोठाभित्र राखेको पानी तान्ने मोटर, पेन्ट, आइरन, लत्ता कपडाहरू चोरी गरी फरार भएको सूचनाको आधारमा प्रहरी चौकी जिरोमाईलबाट खटेको प्रहरी टोलीले चोरीमा संलग्न सरोज र श्यामलाई सोमबार सामानहरूसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए।

पक्राउ परेका उनीहरूलाई जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याई थप अनुसन्धान भइरहेको डीएसपी क्षेत्रीले बताए।

# तमलोपा सहित आठवटा दलहरु एकता र सहकार्यका लागि पहलकदमीमा

मधेशदृष्टि

जनकपुरधाम,१७ माघ। तराई मधेश लोकतान्त्रिक पार्टीले विभिन्न आठवटा दलहरु संग एकता र सहकार्यका लागि पहल अगाडी बढाएको छ।

लोकतान्त्रिक मधेशी फ्रन्टको आयोजनामा मंगलवार तराई मधेश लोकतान्त्रिक पार्टीको केन्द्रिय कार्यालयमा पार्टीका वरिष्ठ नेता डा.विजय कुमार सिंहको अध्यक्षतामा विभिन्न सातवटा दलका प्रतिनिधीहरुसंग एकता र सहकार्यको विषयमा छलफल गरेको छ। मंगलवार जनकपुरधाममा बसेको वैठकमा तमलोपाबाट अध्यक्ष वृषेशचन्द्र लाल,वरिष्ठ नेता डा.विजय कुमार सिंह,ऐतिहासीक जनता पार्टीका अध्यक्ष बद्री नारायण ठाकुर,नेपाल सदभावना पार्टीका अध्यक्ष रामकुमार महतो,केन्द्रिय सदस्य बालकेश्वर ठाकुर उपस्थित रहेका थिए भने राष्ट्रिय सदभावना पार्टीका केन्द्रिय प्रवक्ता राजेश्वर ठाकुर,बहुजन एकता पार्टीका केन्द्रिय सदस्य रामसागर महरा,स्वाधीन मधेश जनअभियानको तर्फबाट केन्द्रिय सदस्य विपिन अधिकारी र नेपाल लोकतान्त्रिक पार्टीका तर्फबाट डा.कृष्णचन्द्र साहको उपस्थिती रहेको तमलोपाका युवा नेता उमेश मंडलले जानकारि दिएका छन। मंगलवारको बैठकले एकता र सहकार्यलाई आगाडि बढाउने निर्णय गर्दै यसलाई ठोस स्वरुप प्रदान गर्न पुस १ गते सोमवार पुनः बैठक बस्ने निर्णय गरेको छ।








## ----- राशिफल -----

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। परिवारमा सुख सन्तोष छाउला। नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला। प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्। आत्मबल बढाएर काम गरेमा असफल भईदैन। वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
आज लाभदायक यात्रा रहला। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। परिश्रम गर्दा धनार्जन हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
आज गरेको कार्यमा सफलता मिल्नेछ। शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ। ठुलो कारोबारमा लगानी नगर्नु। आत्मबल बढाएर काम गरेमा असफल भईदैन।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
साना तिना समस्यामा अल्झनुपर्नेछ। स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
आज विद्या र बुद्धिको विकास हुनेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९०, ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४, ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्र : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# क्षेत्राधिकारको ख्याल नै नगरी नगर प्रमुखले दिए घरबाटो सिफारिस

## आर्थिक प्रलोभनमा परि सो सिफरिस गरिएको स्थानियको आशंका

मुकेश कुमार यादव
सिरहा, १७ माघ । सिरहाको एक स्थानियतहका नगरप्रमुखले वडा अध्यक्षको क्षेत्राधिकार मिचेर आफनो पदिय मर्यादाको ख्याल नै नगरी वडाले दिने सिफारिसमा आफैले हस्ताक्षर गरेको पाइएको छ ।




जिल्लाको धनगढीमाई नगरपालिकाका नगर प्रमुख शिवशंकर महतोले क्षेत्राधिकारको ख्याल नै नगरी वडा अध्यक्षले गरिने जग्गाको घरबाटो सिफारिसमा आफैले हस्ताक्षर गरेको खुलेको हो ।

मेयर महतोले धनगढीमाई नपा ३ का सुनैर देवी तेलीनको नाउँमा दर्ता कायम रहेको साविक भवानीपुर प्रध गाविस ८ 'क' कित्ता नम्वर ८० र ४४६ को ९ कठ्ठा ७ धुर जमिनको घरबाटो सिफारिस गरेको सार्वजनिक भएको छ ।

जग्गा धनीले बाटो नै नभएको जग्गाको कृषि सडक रहेको भनि सिफारिश माग गरेपछि वडा अध्यक्षले आलटाल गरको भन्दै जग्गा धनीले पैसा र पावरको भरमा नगर प्रमुखबाटै सिफारिस लिन सफल भएको वडा अध्यक्षहरु बताउँछन् ।

वडा अध्यक्षहरुले नगर प्रमुखले आफनो अधिकारक्षेत्रको ख्यालै नगरी वडा अध्यक्षहरुको अधिकार समेत हनन् गरी सिफारिस दिएको आरोप लगाएका छन् । यस विषयमा वडाअध्यक्षहरुले गत पुस २९ गते भएको हिउँदे नगरसभामा समेत कुरा उठाएका थिए। ' त्यसवेला नगरप्रमुखले गल्ती भएको भन्दै माफि मागेको एक वडा अध्यक्षले बताए ।

वडा नम्वर ३ का वडा अध्यक्ष विरेन्द्र साहले विवादित बाटो भएकोले साँधमा रहेका अर्को पक्षलाई पनि बोलाउन अनुरोध गरेपछि जग्गा धनीले ' पावर'र पैसाको बलमा मेयरबाटै सिफारिस लिएको बताए । उनले भने, 'जग्गा धनीकै परीवारका एकसदस्य अघिल्लो वडा अध्यक्ष हुनुहुन्थ्यो, वहाँले त्यसवेला पनि बल प्रयोग गरेर अरुको जमिनमा बाटो बनाउनु भएको थियो, अहिले पनि त्यो विवाद कायमै रहेकोले मैले दुवैजना आउनुस भनेको मात्र थिएँ, वहाँ पावर देखाउन मेयरकैमा पुगी सिफारिस लिएछ ।'

यता नगरप्रमुख शिवशंकर महतोले आफू कार्यालयबाट वाहिर निस्कने क्रममा गाडीमै कर्मचारीले ल्याएर हस्ताक्षर गराएको स्विकार गरेपनि हतारको वेलामा आफूले राम्रोसँग कागज हेर्न नपाउँदा त्यस्तो पर्न गएको भन्दै मेयर महतो पन्छिए ।

गत माघ १४ गते धनगढीमाई नगरपीलकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिवासद्वारा आयोजित 'भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्वन्धी स्थानीय तह स्तरीय अन्तरक्रिया' मा पनि यस विषयमा वडाअध्यक्षहरुले कुरा उठाएका थिए। कार्यक्रममा आयोगका बर्दिवास प्रमुख गोपाल अधिकारी समेतको उपस्थित रहेपनि यो विषयलाई गौन राखेर कार्यक्रम सम्पन्न गरेको सहभागीहरु बताउँछन् ।

उनीहरुले भने, 'बाटो नभएको जग्गामा कृषि सडक भएको सिफारिस दिनु र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख समेत रहेको कार्यक्रममा राजस्व छली समेत देखिएपनि यस्ता गम्भीर विषय उपर कसैले कुनै किसिमको चासो नलिनुले स्थानिय स्तरमा विभिन्न किसिमका शंका उपशंकाहरु उब्जीन थालेका छन्, ।

'नगर प्रमुख महतोले कतै आर्थिक प्रलोभनमा परि सो सिफरिस गरिएको त हैन् भन्ने, विषयमा 'स्थानिय स्तरमा व्यापक चर्चा हुन थालेको एक स्थानियले जनाएको छ ।

# बालविवाह गराउने तीन भारतीय पक्राउ



विनय कर्ण
सप्तरी, १७ माघ । सशस्त्र प्रहरी बल बनैनिया सप्तरीले बालविवाह गराउने तीन जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

नवालिका संग विवाह गरेर भारतको जम्बु कश्मीर लैजाँदै गर्दा उनीहरुलाई सप्तरीको राजगढ गाउँपालिका वडा नम्बर २ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ पर्नेहरुमा भारतको जम्बु कश्मीर राज्यका ४० बर्षीय मो. रफिक खार, सोही ठाउँका २७ बर्षीय नुर जहान र ४१ बर्षीय गुलाब जिलानी रहेका छन् । गुलाब जिलानीलाई नेपालमा विवाह गराई दिन्छु भनी नेपाल ल्याई सप्तरीको महादेवा गाउँपालिका वडा नम्बर १ बस्ने १७ बर्षीय नवालिका संग विवाह गराई चारै जना भारत तर्फ जादै गरेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बनैनिया सप्तरीबाट खटी गएको टोलीले फेला पारी नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए । "अनुसन्धान गर्दा मो.रफिक खार, नुर जहानले गुलाब जिलानीलाई नावालिकासंग विवाह गराई भारत तर्फ लान खोजेको खुल्न आएको हुँदा उनीहरु उपर बालविवाह सम्बन्धि कसुर मुद्दामा अदालतबाट म्याद थप गराई अनुसन्धान भई रहेको छ" सिंहले भने ।

# जनप्रतिनिधी र स्थानीय प्रहरी प्रशासनको मिलेमत्तोमा अन्धाधुन्ध उत्खनन

मुकेशकुमार यादव
सिरहा, १७ माघ ।
सिरहाको धनगढीमाई नगरपालिकामा जनप्रतिनिधी र स्थानीय प्रहरी प्रशासनको मिलेमत्तोमा अन्धाधुन्ध माटो तथा ग्र्याभेल उत्खनन् भईरहेको छ । जनप्रतिनिधी र स्थानीय प्रहरी प्रशासनकै मिलेमत्तोमा वडा नम्वर ८ र १३ बाट माटो तथा ग्र्याभेल उत्खनन भईरहेको हो ।



प्रहरीले माटो उत्खनन गरिरहेको अवस्थामा ७ वटा टिफर र एउटा जेसिभी नियन्त्रणमा लिएको भएपनि फर्जी कागजको भरमा छोडिदिएको छ । अस्थाई प्रहरी पोष्ट कसहाले विशेष सुचनाको आधारमा माटो उत्खनन गरिरहेको अवस्थानबाट ग. १ ख ८६८६, बा. ५ ख. ३८८७, ना. १ . ९११९ र प्र. ३०१-००३ क ५५२२ नम्वरको टिफर र प्र. १०२००१ क ४३७९ नम्वरको जेसीभी नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी गोलबजार प्रहरी खोलाको बाटोहुँदा माटो ल्याउँदैगरेको अवस्थामा ना. ३ ख ८४२४, बा. ५ ख ४५७६ र प्र. २-०३-००१ क १३१७ नम्वरको टिफर नियन्त्रणमा लिएपनि फर्जि कागजको भरमा प्रहरीले छोडी दिएको छ ।

नियन्त्रणमा लिएको टिफर प्रहरीले नगरपालिकाको कार्यालय प्रायोजनको लागि प्रयोग हुने प्राविधिक प्रतिवेनदन देखाएको भरमा छोडी दिएको छ। धनगढीमाई नगरपालिकाका एक प्राविधिकले त्यो प्रतिवेदन प्राविधिकले बनाएर प्रशासकिय अधिकृतलाई लेखेको भएपनि उनीहरुको हातमा कसरी पुग्यो भन्ने आश्चर्य ब्यक्त गरे। ती प्राविधिकले भने, 'यो उत्दनन गर्न दिएको पत्र हैन, हामीले उत्खनन गर्दा, तीनुपर्ने मूल्याङ्क टिपोटमात्र हो, यसको भरमा उत्खनन गर्न सकिदैन।'

सिरहाकै गोलबजार नपा २ का योगेन्द्र कुमार सिंहको नाममा पाँच हजार २८० रुपैयाँको अन्य शिर्षकको राजश्व तिरेको रसिद र त्यही प्राधिकले तयार पारेको कागजात देखाउँदै उत्खनन गरिरहेका छन्।

यता नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत गोपाल प्रसाद बगालेले नगरपालिकाले कसैलाई माटो उत्खनन गर्ने इजाजत नदिएको बताए। प्रमुख प्रशासकिय अधिकृत बगालेले भने, 'नगरपालिकाले कसैलाई उत्खननको अनुमति दिएको छैन, उनीहरुले बठ्याइँ गरेर त्यो कागज देखाएको हो, त्यो उत्खनन गर्ने अनुमति हैन ।'

त्यसैगरी धनगढीमाई नपा १३ पनि अन्धाधुन्ध ग्र्याभेल उत्खनन भएपनि जनप्रतिनिधी र प्रहरी प्रशासन मौन छन्। स्थानीय देवेन्द्र सिंहले जनप्रतिनिधी, प्रहरीकै आडमा जथाभावी उत्खनन भएको बताए। उनलेभने, 'जनप्रतिधी, प्रहरी, पत्रकार सवैलाई पैसा जान्छ अनि कसरी रोकिन्छ धन्दा रोकिन्छ।'

उत्खनन गरिएको माटो गोलबजार नगरपालिका वार्ड नम्वर ६ स्थित एविमलदेखि उत्तर जानेबाटो ढलान कार्यमा प्रयोग गर्न लगेको छ। यो बाटो ढलानको लागि आर्थिक वर्ष २०७९/८० को लागि श्रममूलक सार्वजनिक निर्माण कार्य (एलआईपीडब्यू) उप-योजना अन्तर्गत २० लाख रकम छुट्याएको छ । योजना स्थलमा समितिको नाम, योजना लागत र योजनाका विषयमा लेखिएको विवरण सहितको साइनबोर्ड राख्नुपर्ने व्यवस्था भएपनि राखिएको छैन। कामको जिम्मा भने स्थानीय सुनिल लामाले लिएको छ । विकास निर्माणको नाममा अन्धाधुन्ध उत्खनन भईरहेको कार्यलाई जनप्रतिनिधी र प्रहरीले बैधता दिईरहेका छन् ।

# कटहरिया नगरपालिकाद्धारा कम्बल वितरण

आरके श्रीवास्तव
गरुडा, १७ माघ । रौतहट जिल्लाको कटहरिया नगरपालिकाले कम्बल वितरण गरेको छ । नगरपालिकाको कटहरिया वडा नम्बर ४ का गरिब तथा विपन्न परिवारलाई मंगलवार न्यानो कम्बल वितरण गरिएको हो । कटहरिया नगरपालिकाको नगरप्रमुख अजय प्रकाश जयसवालको निर्देशनमा शुक्रबार एक कार्यक्रमका बिच कम्बल वितरण गरिएको हो । वडा नम्बर ४ का ५३ जना गरिब तथा विपन्न परिवारलाई कम्बल वितरण गरिएको हो । नगरपालिकाका जिन्सी प्रमुख संतोष साहले नगरपालिकामा नै सो कम्बल वितरण गरेका हुन् । चिसो बढेपनि स्थानीय सरकारले कम्बल वितरण नगरेको गुणासो आउन थालेपछि नगर प्रमुख जयसवालले कम्बल वितरण गराउन कार्य सुरू गरेका हुन् । चिसोको कारण गरिब,विपन्न परिवार समस्या परेका छन् । कम्बल वितरणको सहयोग थोरै भएको पनि उनीहरूले राहत महसुस गरेका छन् । यस कटहरिया नगरपालिकाको वडा नम्बर ९ र वडा नम्बर १ का दर्जनौं गरिब तथा विपन्न परिवारलाई कम्बल वितरण गरिएको थियो । कम्बल पाएपछि स्थानियहरु हर्षित भएका छन् ।




# चुरे उत्थानशिल आयोजनाद्वारा सरोकारवालासंग अन्तर्कृया



घनश्याम बलम्पाकी
सर्लाही,१७ माघ । सर्लाहीको हरिवन-४ सासापुरमा रहेको प्राथमिक स्वास्थ्य चौकीको सभाहलमा मंगलवार नदी प्रणाली स्तरीय वातावरणीय तथा सामाजिक व्यबस्थापन योजना सम्बन्धी सरोकारवालाहरुसंग चुरे उत्थानशिल आयोजनाले छलफल तथा अन्तरक्रियात्मक कार्यशाला गोष्ठी सम्पन्न गरेको छ । ग्रीन क्लाइमेट फण्डको आर्थिक सहयोग तथा चुरे उत्थानशिल आयोजनाद्धारा आयोजित अन्तरक्रियात्मक गोष्ठीमा लखन्देही खोलाको आसपासमा रहेको लालबन्दी र हरिवन नगरपालिकाका वडाध्यक्ष, प्राकृतिक श्रोतसंग सरोकार राख्ने सरोकारवालाहरसंग अनतर्कृया गरिएको हो ।

सर्लाही भएर बग्ने लखन्देही खोला यसमा मिसिएको खहरे खोला चापिनी अत्रौली, बाहुने खोला, डाइनी खोला नारायण खोलामा पहिरो नियन्त्रण, गल्छी नियन्त्रण, नदी उकास जमिन संरक्षण, सिमसार क्षेत्रको संरक्षण गर्दा त्यसबाट उत्पन्न सकरात्मक वा नकरात्मक सामाजिक तथा वातावरणीय प्रभाव र असरका बिषयमा छलफल गरिएको गोष्ठीका सहजकर्ता गोपी पौडेलले जानकारी दिएका छन् ।

कार्यक्रमा हरिवन नगरपालिकाका उपप्रमुख हरिमाया घलानले आफ्नो घर पनि चुरेको फेदमा रहेको हुनाले चुरे उत्थानशिल आयोजनाले खहरे खोलाबाट उत्पन्न समस्याको समाधानमा काम गर्न खोजेकोले यस्तो कामको खुलेर प्रशंसा गरेका छन् । यस योजनाले त्यस क्षेत्रमा बसोवास गर्ने नागरिकको आर्थिक उपार्जनमा समेत टेवा पुग्ने बताइन् ।

उनले यस आयोजनाले गर्ने हरेका गतिविधिमा आफ्नो र नगरपालिकाले सकेको सहयोगे गर्ने प्रतिबद्धता समेत गरेको हिमवन्ती नेपाल मधेश प्रदेशका अध्यक्ष रमा पौडेलले बताइन् ।

# लागु औषध ब्राउन सुगर सहित नौ जना पक्राउ



मधेशदृष्टि
सिरहा, १७ माघ ।
सिरहा प्रहरीले प्रतिवन्धित लागुऔषध व्राउनसुगर सहित ९ जनालाई पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय झाांझपट्टीबाट खटिएको प्रहरीले नबराजपुर गापाबाट २८ ग्राम लागु पदार्थ व्राउनसुगर सहित ९ जनालाई पक्राउ गरेको हो । प्रहरीले नवरजापुर २ मझौराटोलबाट भोगेन्द्र प्रसाद यादबको छोरा बर्ष २३ को ओम प्रकाश यादवले आफनै घर कोठामा वेचविखन गरिरहेको अवस्थामा उनीहरुको साथबाट २८ ग्राम लागु र लागु औषध तौल गर्ने डिजिटल मेसिन थान-१ , ८ थान मोबाईल , ४ थान मोटरसाईकल र नगद रु. ४ हजार ८ सय रुपैया सहित पक्राउ गरेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा नबराजपुर गा.पा. २ मझौरा टोल बस्ने भोगेन्द्र प्रसाद यादवको छोरा बर्ष २३ को ओम प्रकाश यादव, राम कुमार यादवको छोरा बर्ष २२ को अमित कुमार यादव, बिशम्भर यादवको छोरा बर्ष २५ को देबराम कुमार यादव,लाहान नपा.१२ बस्ने लखन चौधरीको छोरा बर्ष ५१ को मदन कुमार चौधरी, हेमनारायण चौधरीको छोरा बर्ष २३ को नरसिंह चौधरी, मो.अजिमको छोरा इरफान हुसेन, लाहान न.पा. १ बस्ने कासिन्दर पासमानको छोरा बर्ष १९को कृष्णा पासमान,जिल्ला सप्तरी शम्भूनाथ न.पा.१२ अर्नाह बस्ने मुनिलाल पासमानको छोरा बर्ष २३को रमेश पासमान र सोही ठाउका धनिलाल पासमानको छोरा बर्ष २२ को सुरेश कुमार पासमानको साथबाट २८ ग्राम ब्राउन सुगर सहित पक्राउ गरिएको इलाका प्रहरी कार्यालय महेशपुर पतारीका प्रमुख इन्सपेक्टरकेशव कुमार कटुवालले जनाएको छ ।

पक्राउ परेकाहरुलाई लागु ओषध मुदामा ७ दिनको लागी म्याद थप गराई अनुसन्धान कार्य भैइरहेको जिल्ला प्रहरी कार्यालयको प्रवक्ता शुभाष बुढाथोकीले जनाएको छ । सिराहामा पछिलो समय युवाहरु व्यापक रुपमा लागु औषधको कुलतमा फस्ने गरेका जानकारहरु बताउछन् ।

सम्पादकीय

# शंकाको घेरामा प्रहरी

सुशासन र नीति नियम पालनको प्रमुख कर्ताको रुपमा सुरक्षा निकायलाई मानिएको छ । देशको कानून कार्यान्वयनमा सुरक्षा निकायको अहम् भूमिका हुन्छ । तर सुरक्षा निकाय नै आफ्नो दायित्व र कर्तव्यमा इमान्दारिता नदेखाए देशको हवीगत के हुन्छ सोचनीय कुरा बनेको छ । देशमा अपराध नियन्त्रण, सीमा सुरक्षा, भ्रष्टाचार, कानून कार्यान्वयन र सुशासन कायम गर्ने प्रमुख अभिभारा सुरक्षा निकायका प्रहरीले बोकेका छन् । तर प्रहरीबाटै त्यसको पालनामा कमी कमजोरी हुँदै आएको छ ।

पछिल्लो पटक धनुषाको ईलाका प्रहरीक कार्यालय महेन्द्रनगरबाट कडा सुरक्षाका बीच रहेका हिरासत कक्ष फोडेर ६ जना थुनुवा फरार भए । यी घटनाले प्रहरी आफ्नो डियूटी र दायित्वप्रति कतिको इमान्दार छन भन्ने कुरा प्रष्ट हुन्छ । प्रहरी हिरासतबाट नै थुनुवा भाग्छन भने जनताको कतिको सुरक्षित भन्ने कुरा यसै कुराले देखाउंछ । आफ्नो आँखा सोझा रहेका हिरासत कक्षलाई सुरक्षित राख्न नसक्ने प्रहरीले नगरमा हुने अपराध कतिको नियन्त्रण गर्न सक्छ उनको हैसियतमाथि ठूलो प्रश्न चिन्ह खडा गरेको छे ।

सोमवार बिहान साढे तीन बजेको समयमा ईप्रका महेन्द्रनगरको हिरासत कक्षको पर्खाल फोडेर हातहतियार मुद्दाका रोशन महतो, शंकर सिंह, लागुऔषध मुद्दा लागेका विनोदकुमार शर्मा र अमित मण्डल र राष्ट्र सेवक बाधा मुद्दाका रोशन यादव र हरिदीप सिंह फरार भएका थिए । प्रहरीकै लापरवाहीका कारण ती थुनुवा हिरासत कक्षबाट भाग्न सफल भएको उनीहरुको अनुसन्धानले देखाउंछ । ईप्रका इन्चार्ज बेचन यादव सिसिटीभी आफ्नै कोठामा राखेको र सो दिन उनी कार्यालय बाहिर जनकपुरधाम रहेको देखिएकोले उनी आफ्नो डियूटीप्रति कतिको जिम्मेवार छन् अनुसन्धानले देखाउंछ ।

हिरासतबाट थुनुवा भाग्नु भनेको दुईटा कुरा प्रष्ट हुन्छ : या त उनी आफ्नो डियूटीप्रति इमान्दार छैन वा आर्थिक प्रलोभनले भगाएका हुन सक्छ । यतिको गम्भीर गलती भएपनि सम्बन्धित निकायले उनलाई अहिलेसम्म निलम्बन गर्न नसक्नुले प्रष्ट हुन्छ कि उनी प्रहरी संगठनमा कतिको शक्तिशाली छन् । जहाँ उनको अधिकारीको पहुँच पुगिरहेको छैन ।

हुनत प्रहरीले फरार भएका मध्ये रोशन महतो र अमित मण्डललाई पुनः पक्राउ गरिसकेका छन । इन्चार्जलाई जिल्लामा पनि तानिसकिएको छ भने डियूटीमा रहेका हवलदारदेखि प्रहरी इन्चार्जसम्म तीन जनालाई निलम्बन पनि गरिसकिएको छ । जिल्ला प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालय दुवैले छुट्टाछुट्टै रुपमा छानबीन समिति गठन गरी अनुसन्धान अघि बढाएका छन् । फरार भएकाहरुलाई दुवैको संयुक्त टोलीले गरिरहेका छन् ।

तर फरार भएका थुनुवालाई पुनः पक्राउ गरे, प्रहरी निलम्बन वा इन्चार्जलाई जिल्लामा तानेर समस्याको समाधान छैन । प्रहरीले गरेको यो गम्भीर गलती हो । यी गलतीले उनको नियतमाथि प्रश्न उठाएको छ । हुनत इन्चार्ज यादव चरित्र यसअघि पनि महिला प्रहरीसँग गरेको अभद्र व्यवहार देखिसकिएको छ ।

राजनीतिक शक्तिको आड्मा लामो समयदेखि एकै प्रहरी कार्यालयका प्रमुख भएर काम गर्दै आइरहेकाले प्रष्ट हुन्छ कि उनी आफ्नो डियूटीप्रति कतिको इमान्दार छन् । के कति कारणले उनी सो ईप्रकाबाट सरुवा भएर जान चाहदैन । आर्थिक लाभका लागि नै उनी एउटै ईप्रकामा बस्दै आएको कुरा प्रष्ट हुन्छ ।

आर्थिक प्रलोभनमै परी थुनुवाहरुलाई फरार हुन सक्ने उनको गतिविधि देखिन्छ । उनी सहित उनको कमाण्डका खटिएका प्रहरी शंकाका घेरामा परेका छन् ।

प्रहरीले गलती गरेको हो या सुनियोजित रुपमा थुनुवा भगाएको बारे गम्भीर रुपमा छानबीन हुन जरुरी छ । तर राजनीतिक शक्तिको आडमा संगठनमा टिकेका इन्चार्ज यादवलाई दोषी देखिएपनि कारवाही होला जस्तो लाग्दैन । किनकी यसअघि महिला प्रहरीसँगको अभद्र व्यवहार घटनामा बिना कुनै कारवाही ससम्मान फर्किनुले उनको आफ्नो शक्ति संगठन देखाइसकेकाले यस पटक उनलाई कारवाही हुन्छ भन्ने स्थानीय विश्वस्त छैनन् ।

प्रहरीले आर्थिक प्रलोभन त्यागेर आफ्नो आचरण सुधारेन र आफ्ना डियूटीप्रति कर्तव्यनिष्ट इमान्दार नभए सुरक्षाको जिम्मेवारी बोकेका प्रहरी निकायप्रति आम जनताको विश्वास उठने भएकाले सचेत र सजग हुन जरुरी छ ।

# मधेसी दलितहरुले किन पाइरहेका छैनन् नागरिकता ?

*मधेसी दलित अगुवाहरु पनि धेरै पढेलेखेका र नागरिकताका लागि चाहिने कागजातहरु संकलन गर्न सक्षम भइसकेका छन् । उनीहरुले समेत सबै शुभचिन्तकहरुको सहयोगमा पुराना सरकारी रेकर्डहरु प्रमाणित गराएर प्रमुख जिल्ला अधिकारीहरुलाई ती दस्तावेजहरुमा विश्वास दिलाएर मधेसी दलितहरुलाई नागरिकता दिलाउने अभियान सञ्चालन गरौं ।*



– डा. विजयप्रसाद मिश्र

राज्यसँग नागरिकको कानूनी सम्बन्ध स्थापित गरेर अधिकारको रक्षा गर्ने प्रमाण नागरिकताहा । अधिकारको रक्षा गर्ने यही दस्तावेज केही मधेसी दलितहरुले अनेक प्रयास गर्दा पनि पाइरहेका छैनन् । हामी नागरिक हौं, यो हाम्रो व्यक्तिगतपहिचानहो । तर,नागरिकताले राज्य र व्यक्तिको सम्बन्ध सूचकको काम गरिरहेको हुन्छ । त्यति महत्वपूर्ण दस्तावेजको रुपमा रहेको नागरिकतालाई पुर्नजीवित नगराउँदा रबि लामिछानेको सांसददेखि गृहमन्त्रीसम्मको पद चैट भयो । एकदिन नागरिकता प्रमाणपत्र विहिन बसेका रबि लामिछानेको पक्षमा लाखौं नेपालीहरु सडक र सोसल मिडिया मार्फत लागे । तर, मधेसमा बस्ने मधेसी दलितहरुमध्ये केही ज्येष्ठ नागरिकहरुले आजसम्म नेपाली नागरिकता पाउन सकिरहेका छैनन् । तर उनीहरुको पक्षमा यो जमात किन बोलिरहेको छैन ?

पृथ्वीनारायण शाहको दिव्योपदेश,बि.सं. १९१० को मुलुकी ऐन, राणाकालीन सनद सवालहरूमा नेपाली नागरिक र गैर नेपाली नागरिकको विभेदबारे उल्लेख छ । सो भन्दा पहिला नागरिक की गैरनागरिक भन्ने एक्कीन गर्ने आधारहरु थिएनन् । नेपाल सरकार वैधानिक कानून २००४ र नेपालको अन्तरिम शासन विधान, २००७मा नेपाली नागरिकताको प्रमाणपत्रकोव्यवस्था छैन । नेपालमा नागरिकताको नीतिगत थालनीवि.सं. २००९ बैशाख २६ गतेबाट लागू भएको नेपाल नागरिकता ऐन, २००९ बाट भएकोहो । त्यस यता नेपाल मानव नागरिकहरुको प्रवेश ह्वात्तै बढेको देखिन्छ । गैर नेपालीहरुलाई आर्थिक प्रलोभनमा नागरिकता बाड्ने चलनले गर्दा गरिब, सुकुम्बासीका रुपमा चिनिएका मधेसी दलितहरु यो सुविधा लिनबाट बञ्चित भए । शुरु शुरुमा समुदायको जमिन्दारको जग्गा वा नजिकको ऐलानी जग्गामा घर बनाएर बसेका मुसहर, चमार, डोम, मेहत्तर, हलखोर, पासमान जस्ता मधेसी दलितहरुले आफूलाई नागरिकताको आवश्यकता पर्दछ भन्ने महशुस समेत गरेनन् । उनीहरुले गाउँका जमिन्दारहरुलाई मालिक भन्ने गर्दथे र ती मालिकको खेतीमा मजदुरी गर्नु, अन्नवाली भित्राउन सहयोग गर्नु र जातिय आधारमा तोकिएको पेशा गरेर कथित उच्चजातिलाई जीवन संचालनमा आवश्यक पर्ने सामग्रीहरु बनाइदिने र फोहोर कामहरु गरिदिएर बार्षिक रुपमा खन लिनु बाहेक उनीहरुको सरकारी अड्डा अदालतमा पर्ने कुनै काम नभएकोले नागरिकताका लागि डोर आउँदा नाम लेखाउने वा आफूले पाएका लिखित दस्तावेजहरु संरक्षण गरेर राख्नुपर्दछ भन्ने सोच उनीहरुमा भएन । यसलाई राज्यले आफ्नो कमजोरीको रुपमा नलिइ ती मधेसी दलितहरुको कमजोरीको रुपमा लियो । दलित समुदायले अज्ञानताले गर्दा शुरुमा नागरिकता लिन नै चाहेनन् । पछि बैंक खाता खोल्दा, ज्येष्ठ नागरिकको भत्तालिंदा वा जग्गाजमिन किनेर वा सरकारले उपलब्ध गराउँदा आफ्नो नागरिकता चाहिने हुनथालेपछि यसको खोजी गर्न थाले ।

यसवेलासम्म समय विति सकेको थियो । नवनागरिकले पाएको नागरिकताका कारण दलित सुकुम्बासीहरुलाई पनि शंकाको नजरले हेर्न थालियो । वडाबाट सिफारिस ल्याउनु पर्ने कुरा र बाऊपूर्खा नेपालमै बसोबास गरेको प्रमाणित गर्ने दस्तावेजहरु नागरिकता माग गर्ने आफैले संकलन गरेर ल्याउनु पर्ने भएपछि पैसा हुनेहरुले घुस दिएर पनि त्यस्ता कागजपत्रहरु जम्मा गरे । जसले घुम्ती शिविरमा वा जिल्लाप्रशासन कार्यालयहरुमा नै गएर नागरिकताहरु लिए । तर जोसँग पैसा पनि छैन र लिखित दस्तावेजहरु पनि छैन उनीहरुको लागि नागरिकता लिनु भनेको सानो तिनो युद्ध जित्नु सरह नै भयो ।

मधेसका नागरिकता लिन छुटफुट भएकाहरु मध्ये केहीले किस्तावन्दीमा यदाकदा नागरिकताहरु पाइरहेको समाचारहरु आइरहेका छन् । तर जोसँग कुनै कागजात छैन र उनीहरुको लागि कागजात संकलन गरिदिने कोही छैनन् त्यस्ताले अझै नागरिकता पाएका छैनन् । सबैभन्दा बढी दलितको बसोबास भएको जिल्लाको रुपमा रहेको सप्तरी र दोस्रो बढी दलितको बसोबास भएको जिल्ला सिरहा हो । यी दुबै जिल्लामा र अन्य जिल्लाहरुमा पनि मुसहरहरुको संस्था ऋषिकूलले संगठित रुपमा प्रमुख जिल्ला अधिकारीहरुसंग कुराकानी गरेर केही मुसहरहरुलाई नागरिकता दिलाउन सफल भएका छन् । त्यसमा पनि झण्झटिलो कानूनी प्रक्रियाबाट उनीहरु हैरान छन् ।

आजभन्दा १५ बर्ष अघि सप्तरीका प्रमुखजिल्ला अधिकारीले मुसहर समुदाय नागरिकताबाट बञ्चित भएको पाइएकोले उनीहरुको जातिय संगठनहरुसंग कुराकानी गरेर सम्भावित फेलापार्न सकिने दस्तावेजहरुको खोजी गर्ने उपायहरुसमेत सिकाएर आफै अग्रसर भएर स्थानीय सरकारको समन्वयमा केही दलितहरुलाई नागरिकताहरु दिने काम गरेको थियो । यसले दलित समुदायका मानिसहरु खुसी पनि भएका थिए । तर सबै प्रमुखजिल्ला अधिकारीहरुले आफै मिहिनेत गरेर नागरिकता पाउनसक्ने आधारहरु संकलन गर्न सहयोग गर्ने गरेका छैनन् । गैरसरकारी संस्थाहरुले पनि दलितहरुको नागरिकताका बारेमा धेरै कार्यक्रमहरु गर्ने गरेको छ । कतिपय कार्यक्रममा लेखक स्वयं उपस्थित भएर नागरिकता पाउने विषयको बहसमा भाग पनि लिएको छ । तर बहसमा जे जे कुराहरु उठेका हुन्छन् । ती कुराहरु प्रतिवेदनका रुपमा सुरक्षित त हुन्छन् तर कार्यान्वयन गर्नका लागि प्रोजेक्ट भन्दा बाहिरको विषय छ भने अभियन्ताहरु समेत चुपलागेर बस्ने गरेका छन् । यसले गर्दा पनि नागरिकता सम्बन्धमा धेरै गैरसरकारी संस्थाहरुले काम गरे पनि चाहे अनुसारको उपलब्धी प्राप्त गर्न सकेका छैनन् ।

> “पुस्तौं देखिको अन्याय, शोषण, विभेद, चरम गरिबी, अशिक्षा र अचेतनाका कारणआवश्यक कागजातको अभाव, समाजका प्रबुद्ध व्यक्तिहरुको मधेसी दलितप्रतिको उदासिनता रहेकोले पनि मधेसी दलितहरु नागरिकताबाट बञ्चित हुनुपर्ने कारण मध्येको हो । तर, नागरिकता बनाउन मधेसी दलित भित्र उत्सुकतामा कमी छ । प्रहरी प्रसाशन कार्यालायमा मधेसी दलित समुदायजान डराउने समस्या पनि छ । नागरिकता सम्बन्धी कानून बनाउँदा मधेसी दलितहरुको समस्यालाई सम्बोधन गरेर उनीहरुको लागि एक पटक विशेष व्यवस्था गर्न नेपाल सरकार उदार हुनै पर्दछ ।

सरकारले नागरिकता सम्बन्धमा कहिले अध्यादेश त कहिले विधयेक ल्याएर नागरिकताका विभिन्न समस्यालाई समाधान गर्न खोजे पनि ती विधयेकहरुमा मधेसी दलित जो पुस्तौ पुस्ता नेपालमा बसोबास गरिरहेका छन् तर उनीहरुले टोलीमा नाम लेखाउन नपाएका कारण वा अन्य विभिन्न कारणले लिखित रेकर्ड राख्न नपाएकाले समस्यामा परेकाहरुले नागरिकता पाउने विषयमा खासै काम गरेको पाइदैन ।

यहाँ बाबु आमाको जन्मसिद्ध नागरिकता भएका७ लाख छोराछोरीहरु जसको नागरिकता लिने उमेर पुगेको धेरै भइसक्यो तिनीहरुले त कानूनको अभावमा नागरिकता लिनपाएका छैनन् भने विपन्न, दलित र पहुँच नभएका समुदायबाट जन्मसिद्ध नागरिकता भएको बाबु आमाका सन्तानले सहज तरिकाले वंशज नागरिकता पाउलान् कि नपाउलान् यो यक्ष प्रश्न खडाभएको छ ।

नयाँ आउने नागरिकता ऐनको आधारमा विपन्न, दलित र पहुँच नभएका समुदायले जन्मसिद्ध बाबुआमाका सन्तानले वंशज नागरिकता सहज तरिकाले प्राप्त गरिहाले भने पनि मधेसी दलितको जनसंख्यामध्ये ५ देखि १० प्रतिशतले मात्र पाउँनेछन् । मधेसी दलित भित्र नागरिकताबाट बन्चित बाँकी ९० प्रतिशत जनसंख्याले कहिले पाउँछन् भन्ने एक्कीन भन्न सकिदैन ।

भोरनामक संस्थाले गरेको एक अध्ययनले नेपालमा ५० प्रतिशत भन्दाबढी मधेसी दलित नागरिकता विहिन छन् । मधेसी दलित भित्रको पनि सबैभन्दा पछाडि परेको मुसहर समुदायमा अहिले पनि ८० प्रतिशत भन्दा बढीनागरिकता विहिन रहेको अध्यूयनले देखाएको छ ।

नागरिकता प्राप्तीको प्रक्रियामा कागजात तयारी गर्न सरजमिन, मुचुल्का, स्थानीयतह, जिल्ला प्रसाशन, प्रहरी धाउने जस्ता कार्यहरुको लागि मधेसी दलितले लगभग एक महिनाको समय खर्चिरहेका छन् । तर पनि नागरिकता पाएका छैनन् । वडाकार्यालय सकारात्मक भयो भने मधेसी दलितको नागरिकताका लागि २०३७ सालको जनमतसंग्रहको मतदाता नामावली वा त्यसपछिभएका राष्ट्रियपञ्चायतको निर्वाचन कामतदाता नामावलीहरुमा उनीहरुको नाम खोजेर त्यसका आधारमा उनीहरुको बुवा, आमा, हजुर बुवा हजुरआमा, काकाकाकी अथवा

- बाँकी पृष्ठ ६ मा

# बजारीकरण महिला उद्यमीका प्रमुख समस्या

*आफूले उत्पादन गरेका सामानलाई “ब्रान्डि” गर्न नसक्नु अर्को चुनौती हो । उनीहरूले सामान त उत्पादन गर्छन् । तर, त्यसलाई ब्रान्डिङ्ग गर्न नसक्दा बजारीकरण गर्न सकेका छैनन्*



– निरु रायमाझी

उद्यमशिलताले समृद्धिमात्र नभई मानिसमा आत्मविश्वास, आत्मनिर्भर, सम्मानको आँच बढाइ जीवनलाई अर्थपूर्ण बनाउँछ । उद्यम तथा व्यवसाय एक पुरुषप्रधान विषय भए पनि पछिल्लो समय सोच परिवर्तनका कारण नेपाली महिला पनि उद्यमशिलतामा आकर्षित भएको पाइन्छ । यसको मुख्य कारण भनेको शिक्षा, चेतना, सामाजिक परिवर्तन, महिलामैत्री प्रणाली/नीति नियम, पूर्वाधार विकास, विकसित राष्ट्रहरूकालप्रभाव आदि हुन् । महिलाहरू अक्सर गरी हस्तकला, खाद्य उत्पादन, सिलाइबुनाइ र अन्य परम्परागत उद्योगमा संलग्न हुन्थे भने पछिल्ला समयमा अन्य गैरपरम्परागत क्षेत्रमा पनि रुचि राखेर संलग्न भएको पाइन्छ । इन्जिनियरिङ व्यवसाय, जलविद्युत, होटल, पर्यटन, सूचना प्रविधि, आदिमा पनी महिलाहरू रुचिसाथ संलग्न भएका छन् । पुरुष उद्यमीका तु लनामा महिला उद्यमीलाई अहिले पनि धेरै चुनौती छन् । यसले उद्यमशिलतातर्फ महिलाको आकर्षण जति मात्रामा बढ्नुपर्ने हो, त्यो बढेको छैन । यसको मुख्य कारण भनेको वित्तीय पहुँच हो । धेरैजसो महिलाले आफैसँग भएको थोरै रकम लिएर उद्यम सुरु गरेका छन् । उनीहरूले व्यावसायिक योजना बनाएर ठूलोमात्रामा ऋण लिई व्यवसाय गरेको देखिँदैन । सरकार तथा केन्द्रीय बैंकले महिला उद्यमशिलता बढाउन विभिन्न योजना ल्याएको पाइन्छ । राष्ट्र बैंकले ल्याएको महिला उद्यमी सहुलियत कर्जा उपभोग धेरैले गर्न सकेका छैनन् । यसको कारण भनेको महिलाहरूको नाममा घरजग्गा नहुनु हो । बैंकमा ऋण माग्न आवेदन दिए पनि धेरै महिला दिदीबहिनीलाई सहुलियत कर्जाका लागि बैंकहरूले नपत्याएको गुनासो गर्दै आएका छन् । महिलाले सामान उत्पादन गरिसकेपछि पनि बजारीकरणको अभाव झेल्नुपरेको छ । दुर्गममा महिलाले धेरै राम्रा सामान उत्पादन गर्छन्, तर उक्त सामान बजारीकरण गर्न सकिरहेको अवस्था छैन । साथै, कस्तो सामान उत्पादन गर्दा बजारीकरण गर्न सकिन्छ भन्ने ज्ञानको अभाव पनि छ भने परम्परागत तरिकाले सामान उत्पादन हुँदै आएकाले धेरै मात्रामा माग आयो भने आपूर्ति गर्न समस्या छ । कामदार र प्रविधि अभावले पनि यस्तो समस्या भएको आँकलन छ । समग्रमा भन्नुपर्दा गुणस्तरीय उत्पादन गर्न नसक्नु, लेबलिङ/प्याकेजिङ कार्यान्वयन नहुनु, सामान ढुवानीका लागि यातायात समस्या र बजार व्यवस्थाका कारण महिला उद्यमीका उत्पादन प्रतिस्पर्धी हुन मुस्किल भएको छ । आफूले उत्पादन गरेका सामानलाई ॥। ब्रान्डिङ’ गर्न नसक्नु अर्को चुनौती हो । उनीहरूले सामान त उत्पादन गर्छन् । तर, त्यसलाई ब्रान्डिङ गर्न नसक्दा बजारीकरण गर्न सकेका छैनन् । यसका लागि विशेष अभियान सञ्चालन गर्नु आवश्यक छ । ब्रान्डिङ अभावका कारण गुणस्तरीय सामान उत्पादन गरेर पनि महिलाले आफ्नो उद्यमलाई उचाइमा पुऱ्याउन सकेका छैनन् । जसले ब्रान्डिङ गर्न सके उनीहरूले बजार पनि पाउँदै आएका छन् ।

ब्रान्डिङ गर्न र त्यसलाई बजारीकरण गर्नका लागि महिला उद्यमीलाई सहजीकरण गर्नु आवश्यक छ । त्यस्तै पछिल्लो समय बजारीकरणको सबैभन्दा प्रभावकारी माध्यम ‘ डिजिटल मार्केटिङ’ बनेको छ । यसबारे महिला दिदीबहिनीलाई ज्ञान अलि कम छ । प्रविधिमा महिला उद्यमीलाई अभ्यस्त बनाउनु आवश्यक छ । महिला उद्यमीको अर्को चुनौती सामाजिक कारण पनि हो । उनीहरूलाई घरको कामकाज, बालबच्चाको रेखदेख गर्नुपर्ने भएकाले पनि समय व्यवस्थापन गर्न मुस्किल पर्छ । मुलुकमा स्रोतसाधनको अथाह मुहान छन् । त्यसको अहिलेसम्म प्रविधि र सीपका कारण राम्रोसँग सदुपयोग हुन सकेको छैन उदाहरणका लागि सिस्नोलाई लिन सक्छौं । यो हाम्रो मुलुकको हिमाली, पहाडी र तराईका अधिकांश भूभागमा प्रशस्त पाइन्छ । अहिले त्यसबाट केही सामानहरु उत्पादन भए पनि विश्वबजारमा पठाउन मिल्ने खालको उच्चगुणस्तरीय उत्पादन अझ भएको छैन । प्रविधि प्रयोग गरेर सिस्नोबाट धेरै राम्रा सामान बनाउन सकिन्छ जुन निर्यातका निमित्त अत्यन्त उपयुक्त हुन्छ । त्यस्तै कृषिमा धेरै महिला आबद्ध छन् । तर, कृषिलाई व्यावसायिक बनाउन सकिएको छैन । कृषिलाई व्यावसायिक बनाउनु अत्यन्त आवश्यक छ । बिस्तारै महिला उद्यमीको संख्या बढ्दै गएको भए पनि जति बढ्नुपर्ने हो, त्योअनुसार गुणात्मक र गुणस्तरीय हिसाबले बढेको छैन ।

महिला उद्यमी महासंघले महिला उद्यमशिलता बढाउन र महिलाको आर्थिक सामाजिक सशक्तिकरणका लागि पहल गर्दै आएको छ । महिलालाई उद्यममा आउन प्रोत्साहन गर्नेदेखि क्षमता अभिवृद्धि गर्ने र उनीहरूको सेवा/उत्पादन बजारीकरणसम्म गर्ने काम महासंघले गर्दै आएको छ । महिला उद्यमशिलतालाई प्रोत्साहन गर्न सरकारले

योजना नल्याएको भने होइन । सरकारले महिला उद्यमशिलता

- बाँकी पृष्ठ ६ मा

# भारतीय कार प्रहरी नियन्त्रणमा





मधेशदृष्टि
बीरगंज, १७ माघ । बेवारीसे अवस्थामा रहेको भारतीय नम्बरको सुजुकी मारुती कार प्रहरीले बीरगंज स्थित वाइपासबाट नियन्त्रणमा लिएको छ।

चोरी तस्करीको माध्यमले वीरगञ्ज छिरेका भारतीय नम्बरको गाडी पर्साको ग्रामिण क्षेत्रमा निर्वाध सञ्चालन भइरहेको भन्ने सूचनाको आधारमा प्रहरीले वीरगञ्ज महानगरपालिका वडा नं १६ को वाइपास सडकखण्डमा बेवारीसे अवस्थामा देखिएकोले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरिक्षक निर्मल बुढाथोकीले बताए।

प्रहरीका अनुसार युपि १६ एएक्स १००३ नम्वरको भारतीय नम्बरको सुजुकी मारुती कारको मूल्य अन्दाजी ५ लाख कायमगरी थप कार्वाहीको लागि वीरगञ्ज भंसार कार्यालय बुझाइएको प्रहरीले जनाएको छ।

# दूधको मूल्य बढाउन माग

भरतपुर, १७ माघ
चितवनका किसानले दूधको मूल्य बढाउन माग गरेका छन् । उत्पादन लागत तथा उपभोग्य वस्तुको भाउ बढेको जनाउँदै किसानले भरतपुरमा पत्रकार सम्मेलन गरेर दूधको मूल्य बढाउन सरकारसंग आग्रह गरेका हुन् । पत्रकार सम्मेलनमा चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले दूधको मूल्य बढाउन र कच्चा पदार्थको मूल्यवृद्धिलाई रोक्न माग गरे। उनले बैंक तथा वित्तीय संस्थाले ऋण असुली भन्दै किसानलाई धरपकड गरेको आरोप लगाए। चितवनलाई सरकारले तीन वर्ष अगाडि दूधमा आत्मनिर्भर क्षेत्र घोषणा गरेको



थियो । जिल्लामा ३३ प्रतिशत दुग्ध उत्पादक किसान छन् । यहाँका किसानले ६८ हजार छ सय ११ वटा गाईभैंसी पालेका छन् । जसबाट प्रतिदिन तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ। यहाँ उत्पादन भएको ५५ प्रतिशत दूध काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर र कास्कीलगायतका जिल्लामा खपत हुँदै आएको छ । अहिले ढुटो, मकै, पिना, दाना, चोक्करजस्ता उपभोग्य वस्तुको मूल्य २० देखि ३० प्रतिशतले बढेको हुँदा किसान मर्कामा पर्दै गएको सङ्घका कोषाध्यक्ष बालकृष्ण उप्रेतीले बताए।

उनले उपभोग्य वस्तुको मूल्य बढ्दा किसानले प्रतिलिटर दूधमा रु आठदेखि दश घाटा बेहोर्नुपरेकाले हामीले सरकारलाई दूधको मूल्य बढाएर प्रतिलिटर न्यूनतम रु ७० बनाउन माग गर्नुभयो । पछिल्लो समय सरकारले विसं २०७८ माघ १६ गते दूधको मूल्य बढाएको थियो ।रासस

# ब्रान्डसहित सिस्नु उत्पादनमा महिला

चौतारा, १७ माघ
सिन्धुपाल्चोकको ईन्द्रावती गाउँपालिका-२ कुञ्चोकका महिला गाउँमै उत्पादन गरिएको प्राङ्गारिक सिस्नुको पाउडरलाई ब्रान्ड बनाएर बिक्री गर्न एकजुट भएका छन् । जौडाँडा महिला बहुउद्देश्यीय सहकारी संस्थाका महिलाले खेरगइरहेको बाँझो जग्गा तथा करेसाबारीमा सिस्नु खेती गरेका छन्।

सुरुमा सिस्नु खेती गर्दा गाउँवासीले गिज्याए पनि अहिले यसले व्यावसायिकरूप लिएपछि अन्य महिला दिदीबहिनी पनि यसतर्फ आकर्षित भएको स्थानीयवासी निर्मला सुनारले बताए ।अब सिस्नुको धुलो प्याकेटमा बिक्री गर्छौं चाहिएमा हरियो सिस्नु पनि उपलब्ध गराउँछौं, उनले भने । अहिले नवलपुर बजारमा रहेका पसलबाट सिस्नुको धुलो बिक्री भइरहेको छ।

माग आएअनुसार मेलम्ची र चौतारा बजारसम्म यहाँको उत्पादन पुग्ने गरेको छ । सहकारीमा छलफल भएपछि महिलाले यसको खेती सुरु गरेका हुन् । सिस्नुलाई पाउडर, हरियो सिस्नुका साथै अनेक परिकार बनाउने गरिएको जौडाँडा महिला बहुउद्देश्यीय सहकारी संस्थाकी अध्यक्ष रति थापामगरले बताए।

यसलाई एउटा नाम दिएर राजधानीलगायत अन्य स्थानमा पुर्‍याउने लक्ष्य लिएका छौं, उनले भने यसका लागि गाउँपालिकामा कुरा गरेका छौं । सुरुमा दश जनाको महिला समूहले कृषि उत्पादनमा सिस्नुलाई नै रोजेका हुन् । अहिले गाउँका अन्य महिलालेसमेत सिस्नु खेती गरेका छन्।

सुस्नु उत्पादन गर्न थालेयता हाम्रो छुट्टै पहिचान बनेको छ। अध्यक्ष थामामगरले भन्नुभयो। सिस्नुबाट महिला समूहले अहिलेसम्म मासिक रु १५ हजारसम्म आम्दानी गर्दै आएका छन् । उत्पादन धेरै ठूलो परिणाममा हुने थालेपछि बजारको खोजीमा छौं व्यावसायिक सिस्नु खेतीमा रमाउनुभएकी सुन्तली नेपालीले भने त्यत्तिकै खेर गइरहेको सिस्नुबाट घरखर्च चल्ने रहेछ । यताउति यत्तिकै उम्रिरहेका सिस्नुलाई पनि त्यत्तिकै खेर जान दिनुभन्दा बजारीकरणमा जोड दिनुपर्ने उनको भनाइ थियो।

अक्सफाम र महिला आत्मनिर्भरता केन्द्रले सिस्नुलाई धुलो पार्ने उपकरण उपलब्ध गराएपछि महिलाले यो खेतीलाई व्यावसायिक बनाएका हुन् । पच्चिस सदस्यमध्ये दश जनालाई विभिन्न संस्थाले तालिम दिनाका साथै उपकरण उपलब्ध गराएका थिए । सिस्नुको उत्पादन देखेपछि गाउँमा यसको लहर नै चलेको छ। गाउँलेले खेतबारीमा पनि सिस्नुको उत्पादन बढाउन थालेपछि महिलाको समूहमा झनै उत्साह बढेको छ।

ठूलो परिणाममा उत्पादन हुन थालेपछि बजारका लागि गाउँपालिकामा सहकारीले अनुरोध गरेको अध्यक्षले थापा मगरले बताए। रासस




# बाँसबाट बनेका सामग्रीलाई बजारको माग धान्न गाह्रो

धनकुटा, १७ माघ
बाँसबाट बनेका विभिन्न सामग्रीले बजारको माग धान्न मुश्किल परेको छ । यस्ता सामग्रीको माग स्वदेशमा मात्र होइन, विदेशमा पनि उत्तिकै रहेको छ।

सहिदभूमि गाउँपालिका-६ का ज्ञानकुमार राई बजारले माग गरेको आधा पनि बाँसबाट बनेका सामग्री आपूर्ति गर्न नसकेको बताए । विगत २३ वर्षदेखि बाँसको काम गर्दै आउनुभएका ४० वर्षीया राईले नेपालका विभिन्न सहरलगायत चीन, हङ्कङ, जापानमा सामग्री निर्यात गर्दै आएका छन।

उनले गाउँमा नै सञ्चालन गरेको सुनिता बेदबाँस उद्योगबाट दैनिक एक सय ५० थानको हाराहारीमा बाँसका सामग्री उत्पादन गरेर बिक्री गर्दै आएका छन । तर बजारमा भने दैनिक १२ सयदेखि १५ सयसम्मको माग रहेको जनाइएको छ ।काम गर्ने जनशक्ति नभएर मागेको जति पुर्‍याउनै सकिएको छैन, उनले भने ,बाँसको काम अलि गाह्रो भएर होला सबै विदेश गएर मान्छे पाइँदैन।



स्थानीय तहहरूले बेदबाँस सामग्री उत्पादनका लागि दक्ष जनशक्ति उत्पादन गर्न सहयोग गरे बाँससम्बन्धी उद्योगलाई टेवा पुग्ने राईको भनाइ छ। विसं २०७८ मा रु एक लाखको लागतमा स्थापन भएको राईको उद्योगले दैनिक तीन जनालाई रोजगारी दिएर रु ३० देखि पाँच हजारसम्मका पाँच सय प्रकारका बाँसका सामग्री उत्पादन गर्दै आएको छ।

मासिक रु ६० हजारसम्मको कारोबार गरेर रु ४० हजारसम्म कमाइ गर्न राईले यही पेसाबाट कमाएर मोरङको विराटचोकमा १० धुर जमिनसमेत जोडेको जानकारी दिए । त्यस्तै सहिदभूमि गाउँपालिका घर भई हाल धनकुटा नगरपालिका-७ मा धनुबाँस निगालो उद्योगका सञ्चालक चन्द्रप्रकाश राईले पनि कामदार अभावमा बजार माग पूरा गर्न नसकिरहेको जानकारी दिए। बजारमा दैनिक दुई हजार पाँच सय थानाभन्दा बढी माग भए पनि उद्योगले दैनिक आठ सयदेखि एक हजार थानसम्म बाँसको चोयाबाट बनेका सामग्री उत्पादन गरेर दिइरहेको उनले जानकारी दिए । सामान बनाउन सके बजारमा जति पनि बिक्छ, तर के गर्नु काम गर्ने मान्छे पाइँदैन, उनले भने । विसं २०६८ मा रु २० हजार लगानीमा उद्योग स्थापना गरेका ४० वर्षीय राईले हाल काडमाडौं, भारत र जापान, सिङ्गापुर, अष्ट्रेलिया सामग्री पठाउने गरेको जनकारी दिए। दैनिक पाँच जनालाई रोजगार दिइरहेका राईले मासिक रु सात लाखसम्मको कारोबार गरी रु एक लाख ५० हजारसम्म कमाइ गरिरहेको जानकारी दिए । उनले बाँसको सामग्री बनाएर बेचेको कमाइबाट मोरङको बेलबारीमा रु ३५ लाख बराबरको घडेरीसमेत जोडेको सुनाए । सबैले उद्योग सञ्चालन गर्न नसक्ने र ज्यालामा काम गर्दा जीवनयापन नहुँदा बाँसका सामग्री बनाउने कामदार अभाव भएको घरेलु तथा साना उद्योग विकास समिति धनकुटाका प्रमुख ईश्वर थापाले जानकारी दिए।

आफ्नो कार्यालयले बाँसका काम गर्नेलाई पर्याप्त मात्रामा तालिम दिँदै आएको भए पनि वैदेशिक रोजगारीको आकर्षणका कारण यस क्षेत्रमा काम गर्नेको अभाव भएको उनको भनाइ छ। जिल्लामा हाल १७ बाँससम्बन्धी उद्योग रहेको विकास समितिको तथ्याङ्क छ । रासस

# आलुखेती गर्ने किसानलाई तालिम

रुकुमपूर्व, १७ माघ
रुकुमपूर्वमा व्यावसायिकरूपमा आलुखेती गरिरहेका किसान तालिम पाएपछि औधी खुसी भएका छन् । यस जिल्लामा मकै र गहुँपछिको प्रमुख बालीका रूपमा रहेको आलुखेती रहेको छ । यसलाई थप प्रवर्द्धन एवं व्यवस्थित गर्नका लागि किसानलाई तालिम प्रदान गरिएको हो । अहिलेसम्म परम्परागतरूपमा हुँदै आएको आलुखेतीलाई आधुनिकीकरण, यान्त्रिकीकरण गर्दै बजार व्यवस्थापनसम्मको कुरालाई तालिममा किसानलाई सिकाइएको जनाइएको छ । तालिम प्राप्त गरेपछि आफूलाई निकै खुसी लागेको किसान राजकुमार सुनारले बताए। पुथा उत्तरगङ्गाको ६ नं वडा मयाङमा मैले आफैं धेरै मात्रामा आलु उत्पादन गर्दै आएको छु र अन्य त्यहाँका थुप्रै किसानले आलु उत्पादन गर्नुहुन्छ, पुथा उत्तरगङ्गा गाउँकार्यपालिका सदस्यसमेत रहेका उनले भने हामीले पुरानै तरिकाबाट खेतीपाती गर्दै आएका थियौं । यसले गर्दा समयको खर्च, जति उत्पादन हुनुपर्ने हो त्यति उत्पादन नहुनु, बीउ छनोट, मल, रोग कीराको व्यवस्थापनमा निकै समस्या हुँदै आएको थियो । आलुखेती प्रविधिसम्बन्धीको तालिम प्राप्त गरेपछि अहिले आफूलाई जग्गा छनोटदेखि लिएर हावापानीअनुसारको बीउ छनोट, खाने आलु र बीउ आलुको भण्डारण र बजारीकरणसम्मको योजना बनाउने कुरा थाहा भएको उनको भनाइ छ।




यस्तै पुथा उत्तरगङ्गाकै अर्का किसान देविका सुनारले पनि आलुखेती प्रविधि तथा ‘चिप्स’ उत्पादनसम्बन्धीको तालिम लिए । तालिमपछि बिनाज्ञान र सीपको खेतीले राम्रो प्रतिफल नदिनेरहेछ भन्ने कुरा बुझेको बताए । अब भने तालिममा सहभागी भएर आलुखेतीका बारेमा प्रष्ट भएको र सोहीअनुरुप आलुखेतीलाई बढवा दिने उनले उल्लेख गरे । यस्तै तालिममा सहभागी रुकुमपूर्वको तीनवटै गाउँपालिकाका किसानले आफूहरूको मुख्य बालीका रूपमा रहेको आलुखेतीलाई आगामी दिनमा व्यवस्थितरूपमा अगाडि बढाउने र त्यसैबाट आर्थिक समृद्धिको बाटो खोज्ने बताएका छन् । एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालय रुकुमपूर्वले जिल्लाका तीनवटै गाउँपालिकामा व्यावसायिक आलुखेती गरिरहेका किसान र बर्खे आलु पकेट कार्यक्रमका लागि छनोट भएका किसानका लागि रुकुमकोटमा तीनदिने तालिमको आयोजना गरेको थियो। यही माघको १४ गतेबाट सुरु भएको तालिम १६ गतेसम्म चलेको थियो। तालिममा तीनवटै पालिकाका २८ किसानको सहभागिता रहेको तालिमका संयोजक एवं एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयका कृषि अधिकृत थलराज बस्नेतले बताए । तालिमको सहजीकरण आलु बालीविज्ञ श्यामप्रसाद ढकालले गरेका थिए।

तालिमको सोमबार एक औपचारिक कार्यक्रमसाथ समापन गरिएको छ । समापन कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले परम्परागतरूपमा आलुखेती गर्दै आएका किसानलाई यान्त्रिकीकरण र आधुनिक खेतीतर्फ उन्मुख गर्न सहयोग पुग्ने बताउनुभएको छ । तालिममा सिकेको सीपलाई भरपूररूपमा प्रयोग गरी आलुखेतीलाई व्यवस्थित गर्न र यसबाट आर्थिक अवस्था सवल बनाउनतर्फ जोड दिन किसानलाई उनले आग्रह गरे । साथै आलुको बजारीकरण गर्न समन्वय प्रमुखको हैसियतले तीनवटै पालिकासँग समन्वय र सहकार्य गरेर योजना निर्माणमा सहजीकरण गर्ने प्रतिबद्धता प्रमुख श्रेष्ठले जनाए। प्रशस्त मात्रामा रुकुमपूर्वमा आलु उत्पादन हुने गरे पनि आलु लगाउने बेलामा यस जिल्लामा बीउ अभाव हुने गर्छ। यो समस्या अन्त्यका लागि पनि कार्यालयले आलु बीउ उत्पादनलाई पनि जोड दिएको एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयका प्रमुख पिताम्बर बस्नेतले बताए। यस्तै आलुको चिप्स उत्पादनका लागि पनि उपयुक्त आलुखेतीको परीक्षण गरिने भएको छ।

बर्खे आलु पकेट कार्यक्रमका लागि छनोट भएका किसानलाई चिप्स बनाउन उपयुक्त हुने बीउ लगाउन लगाएर परीक्षण गरिने र परीक्षण सफल भएमा उत्पादनलाई बढवा दिइने उहाँको भनाइ छ। रासस

# भोजपुरमा सुन्तला उत्पादनमा वृद्धि

भोजपुर, १७ माघ
भोजपुरमा यस वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको छ। यहाँ आठ सय ५३ मेट्रिक टन बढी सुन्तला उत्पादन वृद्धि भएको हो। यस वर्ष छ हजार दुई सय ९३ मेट्रिक टन सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्र भोजपुरले जनाएको छ। गत वर्ष पाँच हजार चार सय ४० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । जिल्लाको सबै स्थानीय तहमा सुन्तला उत्पादन हुने भए पनि विशेष गरेर टेम्केमैयुङ गाउँपालिका, भोजपुर नगरपालिका, षडानन्द नगरपालिका, हतुवागढी गाउँपालिका र रामप्रसादराई गाउँपालिकामा सुन्तला बढी उत्पादन हुने गर्दछ। अन्य बालीका तुलनामा सुन्तला खेतीबाट राम्रो आम्दानी हुने तथा घरैबाट बिक्री हुने भएकाले यसतर्फ कृषकको आकर्षण बढेको कृषि ज्ञान केन्द्र भोजपुरका सूचना अधिकारी विश्वास अङगाईंले बताए। यस वर्ष भोजपुरमा सुन्तला उत्पादनमा वृद्धि भएको छ, उनले भने ,मौसम अनुकूल भएकाले सुन्तला राम्रो फलेको देखिन्छ। हामीले पनि किसानलाई प्राविधिक सहयोग गरिरहेका छौं । उत्पादन भएको



सुन्तला प्रतिकेजी रु एक सयदेखि रु एक सय २० मा बिक्री हुँदै आएको छ। जिल्लाभर नौ सय २० हेक्टर क्षेत्रफमा सुन्तला खेतीभएको केन्द्रले जनाएको छ ।रासस

# महोत्तरीको पर्यटकीय पूर्वाधार विकासले गति लिँदै

महोत्तरी, १७ माघ

बर्दिबास नगरवासी अहिले पर्यटकीय पूर्वाधार विकासको कामले गति लिन थालेपछि उत्साहित भएका छन् ।

मधेश प्रदेश सरकार र बर्दिबास नगरपालिकाको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले जिल्लाको पूर्वाधार विकासमा उच्च प्राथमिकता दिन थालेको छ । मधेसकै प्रसिद्ध धार्मिकस्थल बर्दिबास-४ माइस्थानस्थित पञ्चधुरामाई मन्दिर परिसर र बर्दिबासकै रातु नदी पश्चिमको जग्गामा प्रदेश सरकारसमेतको सहयोगमा रामजानकी 'फनपार्क' निर्माण हुने घोषणाले अहिले नगरवासी हौसिएका हुन् ।

जिल्लाको समस्त चुरे पर्वत श्रेणी ओगटेको हाम्रो ठाउँमा प्राचीन धरोहर बेवारिसजस्तै छन्, बर्दिबास-५ चेरुका भोगेन्द्रराज पौडेलले भने , अहिले बर्दिबास नगरपालिका र प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका क्षेत्रमा पूर्वाधार विकासका काम अघि बढाइने घोषणा गरेपछि अब केही हुन्छ कि भन्ने आश जागेको छ ।

नगरपालिकाले प्रसिद्ध धार्मिकस्थल पञ्चधुरामाई मन्दिरलाई पर्यटकीय गन्तव्य बनाउने घोषणासाथ काम अघि बढाएको छ ।

मन्दिर परिसरको तलाउको स्तरोन्नति तथा मन्दिर परिसरको सौन्दर्य वृद्धिका लागि निर्माणको आइतबार शिलान्यास समेत भएको छ । नगरपालिकाले मन्दिर परिसरको तलाउ व्यवस्थित गर्नेदेखि मनोरम वाटिका निर्माण गर्ने नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीले बताए । हामी अति प्राचीन पञ्चधुरामाई मन्दिर परिसरलाई सिङ्गो मधेस प्रदेशले नै गर्व गर्न सक्ने गरी काम अघि बढाउँछौँ, उनी भन्छन ,यहाँ आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित बनाउन मन्दिरको आठ कठ्ठा क्षेत्रफलमा सुन्दर वाटिका निर्माण गरिने छ । नगरप्रमुख क्षेत्रीसँगै नगरको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष हीरालाल गौतमले अब पर्यटन प्रवर्द्धनका क्षेत्रमा योजनाबद्ध काम थालिने उल्लेख गरे ।

नगरमा संस्कृतिको जगेर्ना र पर्यटकीय सम्भावनाको विकास गर्न नै नगरपालिकाले नगर क्षेत्रका संस्कृतिविद्, पर्यटन व्यवसायी र स्थानीय उद्यमीलाई सम्मिलित गरेर संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति गठन गरेको नगरप्रमुख क्षेत्रीको भनाइ छ ।

अहिले रु ९० लाख विनियोजित छ, यसबाट तलाउ व्यवस्थापनमा रु ४० र वाटिका निर्माणमा रु ५० लाख खर्च गरिने छ, नगरप्रमुख क्षेत्री भन्छन, रकमकै अभावमा पञ्चधुरामाई मन्दिर परिसरको सौन्दर्य वृद्धिको योजना अलपत्र पर्न दिँदैनौँ । यसका लागि प्रदेश र सङ्घीय सरकारसँग आवश्यक थप सहयोग जुटाउन प्राथमिकता दिइएको समितिका अध्यक्ष गौतम बताउछन ।

पूर्वपश्चिम राजमार्गबाट उत्तरतर्फ करिब दुई किलोमिटर वन क्षेत्र छिचोलेर पुगिने पञ्चधुरामाई मन्दिर वन र लताकुञ्जभित्र अत्यन्त मनोरम छ । मन्दिर परिसरकै तलाउमा एक दशक अघिसम्म जस्तोसुकै प्रचण्ड गर्मीमा पनि पानी सुक्दैनथ्यो र सदावहार कमल ढकमक्क फुलेको देखिन्थ्यो ।

तर पछिल्ला केही वर्षयता वन विनास र अन्य प्राकृतिक प्रकोप तथा व्यवस्थापकीय बेवास्ताले तलाउ हिउँदमै सुकेर खण्डहरझैँ बन्ने गरेको माइस्थान बस्तीका रामजी पौडेल बताउनुहुन्छ । आदिकालकै यो मन्दिर परिसरको सौन्दर्य वृद्धिको काम घोषणा गरिएअनुरुप बढे मधेसको मात्र नभएर छिमेकी मुलुक भारतका पर्यटकका लागि पनि प्रमुख गन्तव्य हुने बर्दिबासवासी बताउँछन् ।

पञ्चधुरा मन्दिर परिसरसँगै यसैपालि रातु पुलवारि पूर्वपश्चिम राजमार्गबाट दक्षिणतर्फ रामजानकी 'फनपार्क' निर्माण हुने नगरप्रमुख क्षेत्रीको भनाइ छ । नगरपालिकाले ३० बिघा जग्गा व्यवस्था गरेर बनाइने यो रामजानकी 'फनपार्क' का लागि मधेस प्रदेश सरकारले नगरलाई रु दुई करोड १५ लाख उपलब्ध गराइसकेको क्षेत्रीले जानकारी दिए । मिथिलापुत्रीमात्र नभएर राष्ट्रकै विभूति सीता (जानकी) र हिन्दू परम्परामा मर्यादा पुरुषोत्तम मानिने श्रीरामका नाममा निर्माण हुने यो पार्कका लागि थप सहयोग जुटिरहेको बर्दिबास नगरपालिकाले जनाएको छ । अहिले तत्काल सुरु गरिन लागेका यी दुवै योजना नगरको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण हुने नगरप्रमुख क्षेत्री बताउछन ।

पूर्वपश्चिम सरदर १८ र उत्तरदक्षिण ३० किलोमिटर दूरीभित्रको बर्दिबास नगर क्षेत्र महोत्तरीको चुरे पर्वत श्रेणी छुने एकमात्र स्थानीय तह हो । यहाँ पञ्चधुरामाई मन्दिरका अतिरिक्त आदिकालदेखिका धार्मिकस्थल टुटेश्वरनाथ र राईमण्डल धार्मिक क्षेत्र छन् । टुटेश्वरनाथ शिवलिङ्गको ख्याति मधेस र सीमावर्ती भारतका आठ-दश जिल्लामा छ । महाशिवरात्रि र साउने मेलामा यहाँ लाखौँ भक्तजन दर्शनका लागि आउने गरेका छन् ।

त्यसैगरी आदिकालमा स्वर्गका राजा इन्द्रले तपस्या गरेर इन्द्रेश्वर महादेवको शिवलिङ्ग स्थापना गरेको मानिने राईमण्डल धार्मिक क्षेत्र छ । यी धार्मिकस्थलबाहेक कालापानीस्थित लक्ष्मीनारायण मन्दिर, कामेश्वर मन्दिर, बर्दिबास रङ्गशाला, कालापानी वनवाटिका, कारेभोगटे 'पिकनिकस्पट' (वनभोजस्थल) र गत वर्षमात्रै बनेको रातु नदी किनारको मित्रपार्क पर्यटकीय सम्भावनाका ठाउँ मानिन्छन् ।

यी ठाउँको विकासमा आवश्यक पूर्वाधार थप्दै लान सकिए बर्दिबास सुन्दर र रोजाइको पर्यटकीय गन्तव्यका रूपमा विकसित हुने बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्काले बताए ।रासस

# सर्पपालनको जमिन चरन क्षेत्र बन्दै

सर्लाही, १७ माघ

सर्लाहीको लालबन्दी नगरपालिका-१ मा सर्पपालनका लागि खरिद गरिएको करिब १० बिघा जमिन यतिबेला चरन क्षेत्र बनेको छ । सर्पपालनका लागि झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानले खरिद गरेको जमित यतिबेला उपयोगबिहीन बन्न पुगेको छ ।

नेकपा (एमाले)का तत्कालीन अध्यक्ष झलनाथ खनालले २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा सर्लाही क्षेत्र नं १ बाट चुनाव लड्दा चुनावी प्रचारका क्रममा यहाँ सर्पपालनको प्रतिबद्धता जनाएका थिए । लालबन्दी नगरपालिका-१७ स्थित रानीगञ्जमा सर्पदंशबाट एक बालकको मृत्यु एपछि खनालले सोही समयमा प्रतिष्ठान स्थापना गर्ने घोषणा गरेका थिए ।

सर्पको टोकाइबाट घाइते बालकले समयमै भ्याक्सिन नपाउँदा मृत्यु भएको थियो । त्यसैले नेपालमै पहिलो पटक एन्टिस्नेक भेनम (एएसभी) उत्पादन गर्न पहल सुरु गर्नका लागि प्रतिष्ठान स्थापना गरी सर्पपालन सुरु गर्ने घोषणा गरिएको थियो ।

एन्टिस्नेक भेनम उत्पादन आफैँमा महत्वपूर्ण भए पनि आफ्नै नाममा प्रतिष्ठान स्थापना गरेका भन्दै खनालको आलोचना पनि भयो । त्यसपछिका प्रतिष्ठानका काम पनि विवादमा तानिन थालेपछि करिब रू १९ करोड खर्च हुँदा पनि यसले मूर्तरुप लिन सकेको छैन । यति ठूलो रकम खर्च भइसक्दा पनि सर्पपालन कहिलेदेखि सुरु हुन्छ भन्ने यकिन छैन ।

विवाद बढ्दै गएपछि गत साउनमा संस्थाको नाम परिवर्तन गरी राष्ट्रिय स्वास्थ्य विज्ञान एवं अनुसन्धान परिषद् बनाइएको परिषद्का अध्यक्ष रेवती पन्तले बताए । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको समयमा प्रतिष्ठानलाई रू ७२ करोड दिने सम्झौता भएको थियो । त्यसपछि सबै रकम नेता खनालले लिए जस्तो गरी प्रचारप्रसार भएको थियो ।

यथार्थ के हो भन्ने विषयमा धेरै मानिस प्रवेश नै गरेनन्, राम्रो कामका लागि खोलिएका संस्था भए पनि बदनामी धेरै भयो, अध्यक्ष पन्तले भने , अफवाह फैलिएपछि संस्थाको नाम परिवर्तन गर्नुपर्‍यो ।

व्यक्तिका नाममा संस्था खोलिएपछि सर्वसाधारणको विरोधसँगै गर्न दातृ निकायले पनि नरुचाएको उनको भनाइ छ । उनका अनुसार अस्पताल निर्माणपछि थाइल्यान्डबाट मेडिकल उपकरण निःशुल्क रूपमा प्राप्त हुने सहमति भएको छ ।

भारतको सेरम इन्स्टिच्युटले भेनम बनाइदिने समझदारी भएको छ भने सर्पपालनका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादनमा सहयोग गर्न विभिन्न निकायले प्रतिबद्धता जनाएको उनको भनाइ छ । तर संस्था स्थापना भएको आठ वर्ष बितिसक्दा पनि विभिन्न कारणले न्यूनतम संरचना समेत निर्माण हुन सकेको अवस्था छैन ।

हालसम्म सरकारबाट प्राप्त भएको रकम डीपीआर, जग्गा खरिद, अध्ययन अनुसन्धानमा खर्च भएको अध्यक्ष पन्तको भनाइ छ । लालबन्दी नगरपालिका- १ मा रू सात करोड खर्चेर परिषद्ले जग्गा खरिद गरेको छ । नन्देश्वर महादेव सामुदायिक वन क्षेत्र नजिकै खरिद गरिएको करिब १० बिघा जमिन अहिले चरन क्षेत्रमा परिणत भएको छ ।

कार्यालय र भेनम उत्पादनका लागि चाहिने जग्गा र संरचना बनाउनुपर्ने भएकाले करिब १० बिघा जमिनसहित १० कठ्ठा ऐलानी जग्गा लिएका छौँ, अध्यक्ष पन्तले भने , जग्गामा कम्पाउन्ड वाल निर्माणका लागि पिल्लर ठड्याइए पनि त्यो अपूरो छ ।

कुल २२ वटा भवन बनाउने योजना भए पनि चार वटा भवन निर्माण गर्न रू ३४ करोडमा ठेक्का लगाइएको छ तर भवनको जगसमेत खनिएको छैन । शर्मा एन्ड धुलिखेल जेभीले निर्माणको ठेक्का पाएको थियो ।

कम्पाउन्ड वाल निर्माण तथा अन्य काममा रू छ करोड खर्च भएको भन्दै भुक्तानीका लागि बिल आएको थियो तर सन्तोषजनक काम नदेखिएपछि हामीले रोकेका छौँ, उनले भने । परिषद्ले अस्पताल, प्रयोगशाला, प्रशासनिक भवन र सर्प पाल्न भवन निर्माणको लक्ष्य राखेको छ । एन्टिभेनम उत्पादन, परीक्षण र अध्ययन गर्ने केन्द्र यही क्षेत्रभित्र बनाउने भनिएको छ । तर, बजेट अभावले काम अघि बढ्न नसकेको उनको भनाइ छ ।

प्रतिष्ठानको गुरुयोजनामा साढे तीन अर्बको लागतमा नेपालमै एन्टिभेनम उत्पादन सम्भव हुने उल्लेख छ । केपी शर्मा ओली नेतृत्वको सरकारले रु ७२ करोड दिने घोषणा हुँदा केन्द्र सरकारले ४० प्रतिशत र प्रदेश सरकारले ६० प्रतिशत बजेट बेहोर्ने भनिएको थियो । आर्थिक वर्ष २०७६/७७ मा केन्द्रले रू छ करोड बजेट पठाएको थियो । प्रदेश सरकारले उक्त रकममा ६० प्रतिशत थप गरेर पठाइदिनुपर्नेमा हालसम्म प्राप्त भएको छैन । स्थानीय सरकारले समेत वार्षिक रू एक करोड दिने सम्झौता भए पनि लालबन्दी नगरपालिकाले सम्झौता अनुसारको रू पाँच करोड भुक्तानी भएको छैन । परिषद्मा हाल चार जना कर्मचारी छन् । उनीहरुको तलबमा मासिक रू डेढ लाख खर्च हुन्छ । कार्यालयको भाडा मासिक रू ५० हजार छ । नेपालमा सर्पको टोकाइबाट वार्षिक तीन हजार मानिसको मृत्यु हुने गरेको तथ्याङ्क छ ।

परिषद्का कार्यक्रम संयोजक उमेश बराल भने अब आफूहरु सर्प पाल्नका लागि दुई वटा विकल्पमा जाने बताए । भवन निर्माण गरी सर्प उत्पादन गर्ने र जङ्गलबाट सर्प ल्याएर क्वारेन्टिनमा राखी विष निकाल्ने विकल्पबारे योजना बनाइएको उनको भनाइ छ ।

विभिन्न प्रजातिका सर्प ल्याएर यहीँ उत्पादन योजना छ । यसका लागि एक सयभन्दा बढी सर्प आवश्यक पर्छ, उनले भने , उच्च सुरक्षासहितको भवन बनाएर बाहिरकै तापक्रममा राखेर विष निकालन सकिन्छ । बाहिरबाट ल्याइएका सर्पलाई केही दिन क्वारेन्टिनमा राखी स्वास्थ्य परीक्षण गरेपश्चात् विष निकालेर पुनः प्राकृतिक अवस्थामा छाड्न सकिने उनको भनाइ छ ।

सर्प पालनका लागि धेरै प्राविधिक काम गर्नुपर्ने भएकाले चुनौती छ, उनले भने ,तर अहिले नै नेपालमै एन्टिभेनम उत्पादन सम्भव छैन । हामीसँग ल्याव पनि छैन ।

उनका अनुसार पहिलो चरणमा विष निकालेर भारतको सेरम इन्स्टिच्युटमा परीक्षण गराइ एएसभी बनाउने योजना छ । त्यसका लागि घोडा पाल्नु पर्दैन । सर्पबाट विष निकालेपछि निश्चित मात्रा घोडालाई दिइन्छ । विष निष्क्रिय पार्ने क्रममा घोडाले एन्टिबडी निकाल्छ र त्यही एन्टिबडी रगतबाट सङ्कलन गरिन्छ । त्यसरी सङ्कलित रगतलाई प्रशोधन गरेर एएसभी बनाइने बरालको भनाइ छ । साथै दोस्रो चरणमा भेन प्रयोगशाला निर्माण गर्ने र घोडापालन गर्न सकिने उनको भनाइ छ ।

विज्ञकै परामर्शमा सर्पपाल्नका लागि चाहिने भूगोल र वातावरण सुहाउँदो जग्गा खरिद गर्ने अध्यक्ष पन्तको भनाइ छ । उनका अनुसार सर्लाही, झापा, महोत्तरी, चितवन, नवलपरासी, बाँकेलगायतका जिल्ला वातावरणीय हिसाबले सर्पपालन उपयुक्त स्थान मानिन्छन् । नेपालमा भेनम उत्पादन गर्ने सवालमा स्पष्ट नीति नभएको उनको छ । भारत सरकारले सन् २०१२ देखि एएसभी निर्यातमा रोक लगाए पनि विश्व स्वास्थ्य संगठनको विशेष पहलमा नेपाल ल्याउने गरिएको छ ।

भारतले आन्तरिक माग धान्न सकिरहेको छैन तर नेपाललाई सहयोग भने गर्ने प्रतिबद्धता जनाएको छ, उनले भने , अहिले प्रविधिमा भारतीय कम्पनीले सहयोग गर्ने र दोस्रो चरणमा कच्चापदार्थ पठाउने समझदारी भएको छ ।भारतमा हैदराबादको भिन्स बायोप्रोडक्ट्स लिमिटेड, महाराष्ट्रको भारत सेरम्स एन्ड भ्याक्सिन्स लिमिटेड, मुम्बईको हाफ्किन इन्स्टिच्युट, पुणेको सेरम इन्स्टिच्युट अफ इन्डिया प्राइभेट लिमिटेड, प्रिमियम सेरम एन्ड भ्याक्सिन्स प्राइभेट लिमिटेडलगायत दर्जनभन्दा बढी कम्पनीले एएसभी उत्पादन गर्दै आएका छन ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार नेपालमा वार्षिक रूपमा ५० हजारभन्दा बढी भाइल एएसभी आयात हुने गरेको छ । तराईका २३ जिल्लामा वार्षिक सर्पदंशका ३७ हजार छ सय ६१ वटा घटना हुने गरेको युनिभर्सिटी अफ जेनेभा, बीपी प्रतिष्ठान, विश्व स्वास्थ्य सङ्गठनका छ जना चिकित्सकले गरेको एक वर्ष लामो अध्ययनबाट पुष्टि भएको छ ।

ल्यान्सेट जर्नलमा प्रकाशित 'स्नेकबाइट इपिडिमियोलोजी इन ह्युमन एन्ड डमेस्टिक एनिमल्स एक्रस द तराई रिजन इन नेपाल ःअ मिल्टक्लस्टररेन्डमसर्भे' शीर्षकमा प्रकाशित आलेखले हरेक वर्ष सर्पदंशका २६ हजार सात सय ४९ देखि ३७ हजार छ सय ६१ घटना हुने गरेको उल्लेख गरेको छ । ती घटनामा दुई हजार तीन सय ८६ देखि तीन हजार दुई सय २५ जनाको मृत्यु हुने गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले यसअघि नेपालमा बर्सेनि २० हजार वटा सर्पदंशका घटना हुने र तीमध्ये एक हजार जनाको मृत्यु हुने उल्लेख गरेको थियो । तराईका २३ जिल्लाका दुई सय ४९ गाउँका १३ हजार आठ सय ७९ वटा घरमा एक वर्ष लगाएर गरिएको सर्वेक्षणबाट उक्त तथ्य निकालिएको थियो ।

सर्पदंश घटनामध्ये ४८ दशमलव आठ प्रतिशतलाई विषालु सर्पले टोकेको पाइएको थियो । तीमध्ये सात दशमलव आठ प्रतिशत मानिसको मृत्यु भएको अनुसन्धानमा उल्लेख छ । अनुसन्धानले तराईका हरेक एक लाख मानिसमा दुई सय ५१ जनालाई सर्पले टोक्ने गरेको देखाएको छ । तीमध्ये २२ जनाको मृत्यु हुने गरेको छ ।

सर्पदंशका कारण मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका छन् । जसमा ६४ प्रतिशत महिला मात्र छन् । पूर्वी नेपाल र मध्यमाञ्चलमा मृत्युदर बढी पाइएको थियो ।

यसअघि सन् २००४ मा पूर्वी नेपालमा गरिएको अनुसन्धानले सर्पदंशका कारण ८० प्रतिशत मानिसको अस्पताल पुऱ्याउनु अघि नै ज्यान जाने गरेको देखाएको थियो । विश्वमा हरेक वर्ष २० लाखभन्दा बढी सर्पदंशका घटना हुने गर्छन । तीमध्ये ८१ हजारदेखि एक लाख ३८ हजार मानिसले ज्यान गुमाउने गरेका छन ।

नेपालमा हाल ८४ प्रजातिका सर्प पाइन्छन । तीमध्ये करिब २१ प्रजाति विषालु छन् । विषालुमध्ये गोमन, करेत, रुसेल्स भाइपर, किङ कोब्रा र कोरल स्नेक (कर्कट नाग) सबैभन्दा धेरै विषालु हुन ।रासस

## भागबण्डा नमिल्दा................

पाउनुपर्ने अडान राखेका छन् ।

उनले मुख्यमन्त्री यादवले एउटा मन्त्री र एउटा राज्यमन्त्री मात्रै दिने भनेपछि आफूहरुबीच सहमति जुट्न नसकेको बताएका छन् । माओवादीलाई एउटा विकासे र एउटा प्रशासनिक मन्त्रालय नदिए सरकारलाई बाहिरैबाट समर्थन गर्ने उनले बताए ।

जसपाभित्र पनि मन्त्रालय भागबण्डामा आन्तरिक विवाद छ । महोत्तरीबाट स्वतन्त्र निर्वाचित सुरिता साह भौतिक पूर्वाधार अथवा सामाजिक विकास मन्त्रालय पाउने शर्तमा जसपा प्रवेश गरेकी थिइन् ।

उनलाई मन्त्री बनाउन लाग्दा पार्टीका अन्य सांसदहरुले विरोध जनाउन थालेपछि विवाद उत्पन्न भएको छ । ४ माघमा बसेको प्रदेशसभा बैठकले मुख्यमन्त्री यादवलाई १०२ जना प्रदेशसभा सदस्यले विश्वासको मत पनि दिएका थिए । मुख्यमन्त्री नियुक्त भएको नवौँ दिनमा उनले विश्वासको मत पाएका थिए । यादवले प्रदेश सभाको दोस्रो ठूलो दल नेपाली कांग्रेसको पनि विश्वासको मत प्राप्त गरेका थिए ।

१० दलमध्ये ७ दल र दुई स्वतन्त्र गरी ६३ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त हुँदा यादवलाई नेपाली कांग्रेस, लोसपा र नेकपा एकीकृत समाजवादी पार्टीले समर्थन गरेको थिएन । पछि लोसपाका ९ जना प्रदेशसभा सदस्यले पनि समर्थन दिँदा उनले ७२ सांसदको समर्थन पाएका थिए ।

## बजारीकरण महिला ..............

विकास, प्रवर्द्धन तथा वित्तीय सहजीकरणका लागि विभिन्न योजना तथा सहुलियतको व्यवस्था गर्दै आएको छ । सरकारले ल्याएका योजना भने वास्तविक महिला उद्यमीको पहुँचसम्म पुग्न सकेको छैन ।

त्यसतर्फ सरकारको ध्यान जानु आवश्यक छ । उद्यमशिलताका लागि महिलाले झेल्दै आएका समस्यामा सरोकारवाला निक(ायले गम्भीरतापूर्वक चासो देखाएको पाइँदैन । सामाजिक विभेद त वर्षौंदेखिको समस्या हो जसले गर्दा महिलालाई उद्यमशिलत(ातर्फआकर्षित र सहयोग गर्न ल्याइएका कतिपय कार्यक्रममा महिला सहभागिता ज्यादै न्यून हुन्छ । यसतर्फ सबैले सोच्नु आवश्यक छ ।

त्यस्तै महिलालाई आर्थिक पहुँचका लागि वित्तीय शिक्षा दिएर उद्यमतर्फ आकर्षित गर्नुपर्छ । महिलाको आत्मविश्वास जगाएर उद्यम गर्न प्रेरणा दिने हो भने महिला उद्यमीको संख्या बढ्दै जान्छ । यसले उद्यमी

महिलाको परिवारको आर्थिक अवस्था तल सहज बनाउने नै छ । यसका साथै मुलुकको अर्थतन्त्र पनि सबल र दिगो बन्दै जाने छ । 'स्वदेशी खाऔं, स्वदेशी लगाऔं, स्वदेशी उपयोग गरौं र उद्यमशिलता बढाऔं ।'

(रायमाझी, महिला उद्यमी महासंघ,नेपालका अध्यक्ष हुन् । यो लेख, आर्थिक पत्रकार समाज(सेजन)को प्रकाशन सेजन स्मारिका २०७९बाट साभार लिइएको हो ।)

## श्रीमान श्रीमति मिलेर बस्ने ..............................

असन्तुष्ट भई निहारिकाले आमरण अनसन सहितका आन्दोलन गर्दै उच्च अदालत जनकपुरमा पुनरावेदन समेत गरेकी थिइन । उच्च अदालतमा मुद्दा चलिरहेकै क्रममा जिल्ला अदालतले दुवैबीच मिलापत्र गराएका हुन् ।

निहारिकाले शिवराज विरुद्ध गत माघ १५ गते धनुषा जिल्ला अदालतमा अंश दाबी गर्दै मुद्दा दर्ता गराएकी थिइन् । बलात्कार गरिएको भनी न्याय माग्दै हिडेंकी निहारिकाले दिएको निवेदनमा आफूहरू २०७५ सालदेखि पति पत्नी भई बसेको र आफूहरुबीचको सम्बन्धबाट एउटा बालकको समेत जन्म भएको उल्लेख गरेकी छिन् ।

निहारिकाको निवेदनमा 'पति शिवराज श्रेष्ठले खान लाउन नदिएको, मदिरा सेवन गरी कुटपिट गर्ने गरेको र आफ्नो हेरचाह नगरेको' आरोप लगाएकी छिन् । त्यसको भोलिपल्टै माघ १६ गते सोमवार शिवराजले आफूहरुबीच प्रेम सम्बन्ध रहेको, विवाह गरी बसेको र आफूहरुबीचको सम्बन्धबाट एक बालकको जन्मसमेत भएको स्वीकार गर्दै आफूले कुटपीट नगरेको र वादीले अंश लिन चाहेमा दिने भन्दै मिलापत्र गराई पाउन भनी प्रतिउत्तर दिएका थिए । सोमवार नै शिवराज र निहारिकाबीच धनुषा जिल्ला अदालतमा अब 'श्रीमान-श्रीमती' मिलेर बस्ने र मुद्दा फिर्ता लिने मिलापत्र भएको हो । मिलापत्र भएपछि निहारिकाले उच्च अदालतमा दिएको पुनरावेदन निवेदन प्रभावित हुने भएको छ ।

## मधेसी दलितहरुले किन ..................................

अन्य नातेदारको आधारमा रेकर्ड जुटाइदिएर सिफारिस गरियो भने धेरैको समस्या समाधान हुन्छ । नेपालका मदन पुस्तकालयमा वा निर्वाचन अयोगमा ती मतदातानामावलीहरु उपलब्ध हुन सक्दछन् । त्यसतर्फ ध्यानदिनु पर्दछ ।

पुस्तौं देखिको अन्याय, शोषण, विभेद, चरम गरिबी, अशिक्षा र अचेतनाका कारणआवश्यक कागजातको अभाव, समाजका प्रबुद्ध व्यक्तिहरुको मधेसी दलितप्रतिको उदासिनता रहेकोले पनि मधेसी दलितहरु नागरिकताबाट बञ्चित हुनुपर्ने कारण मध्येको हो । तर, नागरिकता बनाउन मधेसी दलित भित्र उत्सुकतामा कमी छ । प्रहरी प्रसाशन कार्यालायमा मधेसी दलित समुदायजान डराउने समस्या पनि छ । नागरिकता सम्बन्धी कानून बनाउँदा मधेसी दलितहरुको समस्यालाई सम्बोधन गरेर उनीहरुको लागि एक पटक विशेष व्यवस्था गर्न नेपाल सरकार उदार हुनै पर्दछ ।

नेपाल सरकारले स्थानीय सरकार रप्रदेश सरकारको सहयोग र समन्वयमा दलित बस्तीहरुमा केन्द्रित गरेर विषेश नागरिकता अभियान नै सञ्चालन गर्नुपर्दछ । मधेसी दलित अगुवाहरु पनि धेरै पढेलेखेका र नागरिकताका लागि चाहिने कागजातहरु संकलन गर्न सक्षम भइसकेका छन् ।

उनीहरुले समेत सबै शुभचिन्तकहरुको सहयोगमा पुराना सरकारी रेकर्डहरु प्रमाणित गराएर प्रमुख जिल्ला अधिकारीहरुलाई ती दस्तावेजहरुमा विश्वास दिलाएर मधेसी दलितहरुलाई नागरिकता दिलाउने अभियान सञ्चालन गरौं । धनी र पैसावालले तामझाम सहितनागरिकतालिने र सुकुम्बासी, गरिब र दलितहरुले कानूनी दस्तावेजकै अपुग देखाएर नागरिकता नपाउने वातावरण सधैंका लागि अन्त्य गरौं ।





मध्य चीनको हुबेई प्रान्तको हेफेङ काउन्टी, जनवरी २८, २०२३ मा चिल्लो पानीका लागि प्रख्यात पर्यटकीय स्थल पिङशान घाटीमा पर्यटकहरू डुङ्गा यात्राको आनन्द लिइरहेका छन् । *(छिन ताओ/सिन्ह्वा द्वारा फोटो)*

# जनकपुरधाममा विद्यालय स्तरीय क्रिकेट प्रतियोगिता सुरु

मधेशदृष्टि
जनकपुरधाम, १७ माघ । जनकपुरधाममा मंगलबारदेखि 'यु-१६ विद्यालय स्तरीय क्रिकेट च्याम्पियनसिप २०७९' सुरु भएको छ । हरिज स्पोर्टस जोनले स्थानीय रंगभूमी मैदानमा प्रतियोगिताको आयोजना गरेको हो ।

खेलको उद्घाटन जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह र वडा नम्बर-९ का वडाध्यक्ष परमेश्वर साहले संयुक्त रुपमा गरेका थिए ।

उपप्रमुख साहले उपमहानगरले खेलमा लगानी गर्ने प्रतिबद्धता जनाए । उनले खेल विकासको लागि आवश्यक खाका लिएर आउन क्रिकट संघलाई सुझावसमेत दिए ।

धनुषा क्रिकेट संघका अध्यक्ष गुड्डु पाण्डेले मैदान अभावमा अपेक्षा अनुसार खेलाडी उत्पादन र क्षमता विकास गर्न नसकिएको बताए । 'वर्षौदेखि खेलको समस्या जहाँको त्यँही छ,'उनले भने,'तर अहिलेसम्म स्थानीय सरकारले एउटा भएको मैदानलाई व्यवस्थित बनाउन सकेको छैन् । नेता र जनपतिनिधिहरु चुनावको बेला मात्रै ठुला ठुला भाषण गर्छन् ।' राष्ट्रिय क्रिकेट टिमका खेलाडीसमेत रहेका मधेस प्रदेश क्रिकेट टिमका कप्तान हरिशंकर



साहले प्रतियोगितामा जनकपुरधामका निजी तथा सामुदायिक १२ वटा विद्यालयहरूको सहभागिता रहेको जानकारी दिए ।

लिगको आधारमा भइरहेको प्रतियोगिताहरूमा जनकपुरधाम तथा आसपासका विद्यालयहरूले भाग लिएको उनले बताए । प्रतियोगितामा पहिले आउने १६ वटा टिमलाई सहभागी गराइने र त्यसभन्दा बढि संख्या भए क्वालिफाईङ्ग प्रोसेसको आधारमा छनोट गरिने साहले जानकारी दिए ।

उनले बालबालिकालाई खेलप्रति रुची जगाउन र मानसिक तथा शारीरीक रुपमा मजबुत बनाउने उद्देश्यका साथै प्रतियोगिता आयोजना गरिएको जानकारी दिए । भोलिको दिनमा क्रिकेट खेलमा बालबालिकालाई अवसरलाई प्रदान गर्नु पनि यस प्रतियोगिताको मुख्य उद्देश्य रहेको उनले बताए ।

प्रतियोगिताको बिजेताले आकर्षक ट्रफि, मेडल र प्रमाणपत्रहरू प्राप्त गर्नेछन् ।

प्रतियोगिता सम्पन्न भएपछि प्रतिभावान खेलाडीहरूको समुह बनाएर नियमित प्रशिक्षण दिइने आयोजक संस्थाको तयारी छ ।

# कटहरिया फाइनलमा प्रवेश

आरके श्रीवास्तव्
गरुडा, १७ माघ । रौतहट जिल्लाको दुर्गा भगवती गाउँपालिकामा जारी टि २० क्रिकेट टुर्नामिन्टमा कटहरिया फाइनलमा प्रवेश गरेको छ । सो गाउँपालिकामा चलिरहेको अध्यक्ष कप जिल्ला स्तरिय नक आउट टि २० क्रिकेट टुर्नामिन्ट अन्तर्गत आज सम्पन्न भएको सेमिफाइनल खेलमा कटहरिया विजयी भएको छ । कटहरियाको टीमले माधवनारायण नगरपालिकाको टिमलाइ ५ विकेटले पराजित गरेको छ । दुर्गा भगवती गाउँपालिकाको श्री सरस्वती माध्यमिक बिधालय पिपरा भलोहियामा जिल्ला स्तरिय अध्यक्ष कप क्रिकेट टुर्नामिन्ट जारी रहेको छ ।



मंगलबारको भएको सेमिफाइनल खेलमा माधवनारायण नगरपालिकाले टस हारेर पहिला ब्यािटंग गर्दै १९.३ ओभरमा अल आउट हुँदै ८१ रनको योगफल तयार पारेको थियो । जवाफी ब्याटिंगमा उत्रेको कटहरिया टिमले १२ ओभरमा ५ विकेटको गुमाउँदै ८२ रन बनाउँदै विजयी हुनसफ भएको थियो । स्मरणियहोस् गत माघ ८ गते राजदेवी र माघ १५ गते वृदावन नगरपालिकालाई पराजित गर्दै कटहरिया ३ विकेटले विजयी भएको थियो । माघ १९ गते कटहरिया फाइनल खेल खेल्ने भएको छ ।

# पेसावर मस्जिदमा भएको हिंसात्मक हमलाको निन्दा

संयुक्त राष्ट्रसङ्घ, १७ माघ
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले पाकिस्तानको पेशावरमा सोमबार भएको हिंसाको घटनाको निन्दा गरेका छन । पेसवासरको पुलिस लाइन्स क्षेत्रको मस्जिदमा सोमबार भएको आत्मघाती विस्फोटमा परी ४४ जनाको ज्यान गएको घटनाको उनले निन्दा गरेका हुन ।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसका प्रमुख प्रवक्ता स्टेफन डुजारिकले सो घटनाको निन्दा गर्दै नागरिकको शान्तिपूर्ण रुपमा आफ्ना धार्मिक आस्था भएका स्थानमा उपस्थित हुन र पूजा गर्न पाउने अधिकारको सम्मान गर्नुपर्ने बताएका छन ।



विश्वका नागरिकले आफ्नो आस्था रहेका स्थानमा जम्मा हुन पाउने र धार्मिक कार्य गर्न पाउने विश्वव्यापी मानवअधिकारको विषय हो भन्दै यस्ता कार्यको सम्मान गर्न उनले सो विज्ञप्तिमार्फत् आग्रह गरेका हुन । सोमबार सो मस्जिदमा विस्फोट गराई धेरै नागरिकको ज्यान लिनेगरी हिंसात्मक कार्य भएको छ । पेसावरको पुलिस लाइन्स इलाकामा रहेको मस्जिदमा दिउँसोको नमाजको समयमा विस्फोट भएको हो । स्थानीय सञ्चारमाध्यमका अनुसार आत्मघाती आक्रमणकारी प्रार्थनाको क्रममा लाइनमा बसेका व्यक्तिहरुलाई लक्ष गरिएको थियो ।सुरक्षा अधिकारीहरूले बताएअनुसार विस्फोट हुँदा मस्जिदमा कम्तिमा १२० जना मानिस रहेका बताएका छन् । घाइते हुनेमा धेरै प्रहरी रहेको बताइएको छ । महासचिव गुटरेसले सो हलामा परेर ज्यान गुमाएका व्यक्तिप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै उनीहरुको परिवारजनप्रति समवेदना प्रकट गर्नुभएको छ । उहाँले यस्ता जघन्य अपराधमा संलग्न हुने व्यक्तिको खोजी गरेर उनीहरुलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने पनि बताएका छन । (रासस/सिन्ह्वा)

# हाइटीका बालबालिकाको जीवन रक्षाको खाँचो

संयुक्त राष्ट्रसङ्घ , १७ माघ
हाइटीमा ठूलो सत्याका बालबालिकाको जीवन रक्षाको खाँचो रहेको देखिएको छ ।

यहाँका लाखौँ जना बालबालिकालाई यसवर्ष यस्तो आवश्यकता पर्ने देखिएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।



संयुक्त राष्ट्रसङ्घले जनाएअनुसार हाइटीका २६ लाख बालबालिकालाई जीवन रक्षाका लागि सहयोग आवश्यक रहेको देखिएको छ ।

यो सन् २०२१ को तुलनामा यो बढेको सङ्ख्या हो ।

सन् २०२१ सम्ममा यहाँका पचास लाख बालबालिकालाई जीवन रक्षाका लागि सहयोग आवश्यक रहेकामा यस वर्ष थप २६ लाख थपिएका हुन् ।

संयुक्त राष्ट्रसङ्घले हाइटीका यी बालबालिकाले पाउनुपर्ने पोषण तथा आधारभूत स्वास्थ्य सुविधा पनि प्राप्त गर्न नसकेका कारण उनीहरुलाई तत्कालै सहायताको खाँचो परेको संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसका प्रमुख प्रवक्ता स्टेफान डुजारिकले जानकारी दिएका हुन ।

उनले हाइटीमा विद्यमान हिंसा, हैजाको प्रकोप, खाद्य असुरक्षा एवं आर्थिक मन्दी आदि कारणले गर्दा यहाँको अवस्था दिन प्रतिदिन नाजुक बन्दै गएकाले यहाँका लाखौँ बालबालिकालाई खाद्यान्नकै अभाव हुन पुगेको पनि बताइएको छ ।

संयुक्त राष्ट्रसङ्घीय बालकोष, युनिसेफले यहाँका बालबालिकाका लागि सहयोग जारी राखेको भन्दै तर यो सहयोग पनि आवश्यकता अनुरुप हुन नसकेकाले यस वर्षका लागि आवश्यक अन्य मानवीयता सहायताका लागि सहयोगको अपिल गरिएको हो । (रासस/सिन्ह्वा)




# कोभिड १९ अझै पनि अन्तर्राष्ट्रिय स्वास्थ्य आपतकाल

जेनेभा, १७ माघ
विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले कोभिड-१९ महामारीले अझै पब्लिक हेल्थ इमर्जेन्सी अफ इन्टरनेशनल कन्सर्न (पीएचईआईसी) गठन गरेको सोमबार जनाएको छ । यो विश्व स्वास्थ्य सङ्गठनको उच्च सतर्कता स्तर हो ।

कोभिड १९ बाट भएको मृत्यु दर विश्वव्यापी रूपमा वृद्धिको बीचमा यो घोषणा आएको हो ।

शुक्रबार कोभिड-१९ महामारीको त्रैमासिक मूल्याङ्कन बैठकपछि, डब्ल्यूएचओको अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन ९२००५० आपतकालीन समितिले पिएचआइसि सोमबार घोषणा गऱ्यो । जसलाई डब्लूएचओका महानिर्देशक डा। टेड्रोस अधानोमले सहमति जनाउनु भएको छ ।



कोभिड-१९ स्वास्थ्य प्रणालीमा ठूलो नोक्सानी पुऱ्याउने क्षमता भएको खतरनाक सङ्क्रामक रोग बनेको छ। समितिले कोभिड-१९ महामारीले सङ्क्रमणको विन्दुनजिक पुगेको स्वीकार गर्दै विज्ञप्तिमा प्रकाशन गरेको छ। यद्यपि सङक्रमण वा खोपले विश्वव्यापी रूपमा जनसङ्ख्याको प्रतिरोधात्मक क्षमताको उच्च स्तरमा पुऱ्याउन सक्छ र रोग र मृत्युदरको प्रभावलाई सीमित गर्न सक्छ, । 'यसमा कुनै शङ्का छैन कि यो भाइरस निकट भविष्यको लागि मानिस र जनावरहरूमा स्थायी रूपमा स्थापित रोगजनक रहनेछँ, समितिले जानकारी दिएको छ। (रासस/सिन्ह्वा)

# ३३१ आप्रवासीको उद्धारः आईओएम

त्रिपोली, १७ माघ
गत हप्तामा ३३१ आप्रवासीलाई उद्धार गरी लिबिया फर्काइएको आप्रवासीका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आईओएम) ले सोमबार बताएको छ। सन् २०२३ जनवरी २२-२८ सम्मको समयाअवधिमा ३३१ आप्रवासीहरूलाई रोकेर लिबिया फर्काइयो आईओएमले एक विज्ञप्तिमार्फत जानकारी दिएको छ। उद्धार गरिएका आप्रवासीमा २० महिला र ३५ बालबालिका रहेका छन् । यस वर्ष अहिलेसम्म कुल १ हजार एक सय ३ आप्रवासीलाई उद्धार गरी लिबिया फर्काइएको छ । १७ सत्र जनाको मृत्यु भएको छ भने १८ जना लिबियाको तटबाट बेपत्ता भएका छन्, आईओएमले जनाएको छ । सन् २०२२ मा, कुल २४ हजार छ सय ८४ आप्रवासीहरूलाई उद्धार गरी लिबिया फर्काइएको आईओएमले खुलासा गरेको छ । मध्य भूमध्यसागरीय मार्गमा लिबियाको तटबाट ५सय २९ आप्रवासीको मृत्यु भएको छ भने ८ सय४८ जना बेपत्ता भएका छन् । (रासस/सिन्ह्वा)





विकास हो कि लुट - जनकपुरधाम उपमहानगरपालिका वार्ड नं १६ मा पर्ने कपिलेश्वर पुलचौक रोडमा पर्ने पुलको अवस्था,धेरै नै पुरानो तथा संकुचित पुल बनेपछि पुललाई फराकिलो बनाउन निमार्ण गरिएको सानो पुल जसको कुनै प्रयोग नै छैन,ठेकेदारले पुल त बनाएर तर त्यसलाई सुचारु गर्न कसैलाई मतलव छैन ।

*तस्विर : मधेशदृष्टि*

# करैयामाईमा सिंचाई आयोजनाको शिलान्यास

## सङ्घीयता संस्थागत भए मात्र मधेशको विकास सम्भव रहेको उपेन्द्र यादवको भनाई

मधेशदृष्टि
वीरगंज १७ माघ ।
जनता समाजवादी पार्टीका केन्द्रिय अध्यक्ष एवम् पूर्व उपप्रधानमन्त्री उपेन्द्र प्रसाद यादवले सङ्घीयतालाई संस्थागत गर्न सकेमात्र तराई मधेसको विकासमा कायापलट हुने कुरामा जोड दिएका छन । बाराको करैयामाई गाउँपालिकास्थित उमजनमा तियर सिचाई आयोजनाको शिलान्यास गर्दै अध्यक्ष यादवले सङ्घीयतालाई संस्थागत हुन नदिने चलखेल शुरु भएको भन्दै त्यस तर्फ सबैजना सजग र सचेत हुनुपर्ने धारणा ब्यक्त गरे । तराई मधेसको विकासका लागि ठुला दलहरूले जहिले पनि आनाकानी गर्ने गरेको हुँदा विकासका लागि सबै मधेसी पार्टीहरूको एउटै मोर्चा बनाएर एकपल्ट फेरि क्रान्तिको बिगुल फुक्नुपर्ने बताए । अध्यक्ष यादवले नेकपा माओवादीका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जनता समाजवादी पार्टीलाई धोका दिएको आरोप लगाए । सहमति एउटा गर्ने र काम अर्को गर्ने बताउँदै अध्यक्ष यादवले तराई मधेस केन्द्रित दलहरूलाई पाखा लगाउनु दुखद भएको बताए । उनले सिचाई योजना निर्धारित समयमा गुणस्तर हिसाबले सम्पन्न गराउन सम्बन्धित ठेकेदारलाई आग्रह समेत गरेका थिए । तियर सिचाई योजना उपभोक्ता समितिका अध्यक्ष नरेन्द्र चौधरीको अध्यक्षतामा सम्पन्न शिलान्यास कार्यक्रममा बारा निर्वाचन क्षेत्र नम्बर २ का सङ्घीय सांसद रामसहाय यादव, जनता समाजवादी पार्टीका मधेस प्रदेशका अध्यक्ष रामबाबु कुमार



यादव, करैयामाई गाउँपालिकाका अध्यक्ष शम्भुप्रसाद यादव, उपाध्यक्ष सुनैना कुमारी चौधरी, नेकपा एसका जिल्ला अध्यक्ष बिजेन्द्र चौधरी, वडाअध्यक्ष सोनालाल साह लगायतले मन्तव्य ब्यक्त गरेका थिए । मधेस प्रदेश सरकारको करिब २१ करोडको लागतमा निर्माण गर्न लागिएको सिचाई योजनाबाट सो क्षेत्रका करिब १२ सय बिगाहा खेतीयोग्य जमिनमा सिचाई सुविधा उपलब्ध हुने जनाइएको छ । छठिया निर्माण सेवा बाराले सिंचाई योजनाको ठेक्का सकार गरेको छ ।

# पोखरीया नगर विकास समितिको जग्गा विकास कार्यक्रमको अध्यक्षमा चौरसिया

मधेशदृष्टि
वीरगंज १७ माघ ।
पोखरीया नगर विकास समिति अन्तरगत रहेको जग्गा बिकास कार्यक्रमको उपभक्ता समितिको अध्यक्षमा बद्री प्रसाद चौरसियालाई सर्वसम्मतले चयन गरिएको छ । मंगलवार भएको कार्यक्रमबाट समितिको सचिवमा राजु गिरी चयन भएका छन । पर्सा क्षेत्र नम्बर ३ को ख बाट निर्वाचित प्रदेश सभा सदस्य जनार्द्धन सिंह क्षेत्रीको विशेष उपस्थितिमा पोखरीयामा सम्पन्न नगर विकास समितिको वैठकले चौरसिया र गिरीले चयन गरेको हो । पोखरीया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानको सभापतित्वमा सम्पन्न वैठकमा पोखरीयाका पूर्व नगर प्रमुख दीपनारायण रौनियार , नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजय कुमार श्रीवास्तव, नगर बिकास शाखा प्रमुख हरिनारायण मिश्रा र इन्जिनियर सुमित कुमार यादव, नेजामिदिन समानी, बिंधाचल ठाकुर, श्रीकिसुन प्रसाद चौहान ,संतोष गिरी लगायतको सहभागिता रहेको थियो । यसैगरी मंगलवारनै पोखरीया नगरपालिकाका नगर प्रमुख प्रद्युम्न चौहानले नगरपालिकाको तर्फबाट पर्सा क्षेत्र नम्बर ३ को ख बाट निर्वाचित प्रदेश सभा सदस्य जनार्द्धन सिंह क्षेत्रीलाई दोसल्ला ओढाई सम्मान गरेका थिए ।

# बालविवाह विरुद्ध चेतना मुलक कार्यक्रम संचालन

मधेशदृष्टि, वीरगंज १७ माघ ।
ग्रिन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगर वीरगंजले बालविवाह विरुद्ध चेतना मुलक कार्यक्रम संचालन गरेको छ ।
२० बर्ष नपुगी विवाह नगरौं, कुरिती छ, कहि कतै हिमाल, पहाड तराई सुधारौ भन्ने नारा अंकित स्टीकर सडकमा गुडने रिक्सा, अटो रिक्सा, टेम्पुमा टास्नुका साथै अन्य चेतनामुलक कार्यक्रमको समेत आयोजना गरिएको ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए । कार्यक्रममा सवारी साधनमा २ सय थान चेतना मुलक स्टीकर टांसिएको थियो । सो अवसरमा ग्रिन सिटीका चन्द्र अग्रवाल, प्रहरी चौकी आदर्शनगरका प्रमुख अशोक महतो, छनु चौधरी लगयातको उपस्थिति रहेको थियो ।
यसैगरी मंगलवारनै केन्द्रले पर्साबाट सरुवा भएका सशस्त्र प्रहरी बल १३ नम्बर गण वीरगंजका सशस्त्र प्रहरी उपरिक्षक तेज प्रकाश पोखरेललेका विदाई गरेको छ ।
पोखरेललाई फुलमाला अविर लगाई मायाको चिनो सहित विदाई गरिएको खेतानले बताए ।

# विद्यालय छोड्ने क्रमले बालविवाहको घटनामा वृद्धि




मधेशदृष्टि
जनकपुरधाम, १७ माघ ।
विद्यार्थीहरुले विद्यालय छोड्ने क्रमले बालविवाहको घटनामा वृद्धि भएको बताइएको छ ।
मंगलवार आसमान नेपालले धनुषाका पाँच वटा पालिकामा बालविवाह सहितका विद्यालय तहमा गरेको कार्यक्रमबाट सो तथ्य बाहिर आएको संस्थाका सल्लाहकार पूर्व प्रशासक गुरु सुवेदीले जानकारी दिए ।
कार्यक्रममा वक्ताहरूले बालविवाह रोक्न स्थानीय तह, प्रशासन तथा प्रदेश सरकारले विशेष भूमिका खेल्नुपर्नेमा जोड दिए । सुवेदीले आफ्नो संस्थाले कार्यक्रम संचालन राखेको धनुषाको शहिदनगर, सबैला, कमला, विदेह नगरपालिका तथा जनकनन्दनी गाउँपालिकामा बालविवाह न्यूनीकरणका लागि गरेको प्रयास पर्याप्त नभएको र यसमा पालिकाहरूको अझै सहयोग र साथ आवश्यक भएको बताएका थिए ।
पाँच पालिकामा आधारभूत तहमा ३६ हजार १ सय १६ विद्यार्थी भर्ना भएकोमा कक्षा ९ मा पुग्दा ५ हजारमा झर्ने गरेकाले ती पालिकाहरूमा बीचैमा विद्यालय छाड्नेहरूको सङ्ख्या निक्कै बढी रहेको जानकारी कार्यक्रमका संयोजक दिलीप यादवले दिए ।
पढ्दापढ्दै विद्यालय छाड्नेमध्ये १.३ प्रतिशत बालविवाह गर्ने गरेका छन् । कानूनले २० वर्ष विवाहका लागि उमेर तोकेका कारण भागी विवाह गर्ने प्रवृत्ति बढेका कारण छोरापट्टिका अभिभावहरूले विभिन्न मुद्दाहरू खेप्नुपरेको विभिन्न वडाका अध्यक्षहरूले जानकारी दिए ।
कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले बालविवाह रोक्न सबैको साथ र सहयोग आवश्यक भएको बताउँदै शिक्षा क्षेत्रको सुधारका लागि पालिकाहरूले विशेष ध्यान दिन जरुरी रहेको उल्लेख गरे । सबैला नगरपालिकाका प्रमुख कारीराम यादवले शिक्षामा सुधार नभएसम्म बालविवाह रोक्न कठिन हुने बताउँदै सामुदायिक विद्यालयप्रति अभिभावकले ध्यान नदिनु चिन्ताको विषय रहेको भने ।
कमला नगरपालिकाका प्रमुख विषेश्वर यादवले शिक्षाको सुधारका लागि पालिका अगाडी बढेको बताउँदै आसमानको कामको प्रशंसा गरे । कार्यक्रममा शहिदनगर नगरपालिकाका उपप्रमुख सुनिता सिंह, मधेश प्रदेशका महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयका उपसचिव देव कुमारी खत्री, बेटी पढाऊँ, बेटी बचाऊँ कार्यक्रमका संयोजक प्रियंका यादवले प्रदेश सरकारले बालविवाह रोक्नका लागि गरेको प्रयास तथा कार्यक्रमबारे जानकारी दिए ।

# विल विजक भन्दा बढि लोड रहेका ट्रक प्रहरी नियन्त्रणमा



मधेशदृष्टि
वीरगंज १७ माघ ।
बिल बिजक भन्दा बढी खुद्रा तथा लत्ताकपडाहरू लोड रहेको ट्रक पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ ।
बीरगंजबाट काठमाण्डौ तर्फ गई रहेको ना २ ख ८५१९ नम्बरको ट्रकमा बिल विजक भन्दा बढी विभिन्न खुद्रा तथा विभिन्न किसिमका लत्ताकपडाहरू लगायतका मालबस्तु रहेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले गएराति बीरगंजको बहुअरी स्थित सडक खण्डमा ट्रक रोकेर चेकजाँच गर्दा बिल विजक शंकास्पद देखिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी निर्मल बुढाथोकीले बताए।
ट्रक सहित सामानलाई ४१ लाख ८६ हजार ५ सय ७८ रुपैया मुल्यांकन गरी थप कारवाहीका लागि मंगलवार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रवक्ता बुढाथोकीले जानकारी दिए ।
यसैगरी भन्सार छलेर अबैध रुपमा भित्रीएको भारतीय नम्बरको सुजुकी मारुती कारलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ ।
भन्सार छलि नेपाल भित्र्याएर ग्रामिण इलाकामा अनधिकृत रुपमा संचालन गरेको भन्ने सूचनाको आधारमा मारुती कारलाई बीरगंज वडा नम्बर १६ स्थित ४० फिटे सडक खण्डबाट युपी १६ एएक्स १००३ नम्बरको कार बेवारिसे रुपमा फेला परेको र हक दावी गर्न कोही नआएपछि ५ लाख मुल्यांकन गरी वीरगंज भन्सार कार्यालयमा बुझाईएको प्रवक्ता बुढाथोकीले बताए ।

# मधेस प्रदेशमा अवैध लागु औषधको कारोवार फस्टायो

मधेशदृष्टि
वीरगंज १७ माघ ।
लागूऔषध गाँजा, अफिम, चरेस, अवैध मदिरासहितका सामग्रीहरूको तस्करी बीरगंज लगायत वारा, पर्सा सहित मधेस प्रदेशमा निकै बढेको छ ।
खुला सिमानाको फाइदा उठाउँदै तस्करहरूले लागूऔषध ओसारपसार गर्ने क्रम बढेपछि प्रहरीका लागि पनि टाउको दुखाइ भएको छ । गत मंगलबार रौतहटको राजदेवी नगरपालिका–९ ब्रह्मपुरीमा सशस्त्र प्रहरी टोलीले अवैध रूपमा नेपालबाट भारततर्फ भारतीय गाडीमा राखी लाँदै गरेको १ सय १८ कार्टुन सोफी मदिरा नियन्त्रणमा लिएको थियो । गाडी र मदिराको मूल्य गरी करिब ६ लाख २० हजारको अवैध सरसामान प्रहरीले नियन्त्रणमा लिए पनि तस्करीमा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गर्न असफल भएको थियो । गत पुस १४ गते सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाबाट प्रहरीले ठूलो परिमाणमा गाँजा बरामद गर्यो । सुराकीको आधारमा प्रहरीले ३० बोरा गाँजा फेला पारेको थियो । कोसी नदीको बगरमा तीन ठाउँमा बालुवामुनि गाडेर राखेको अवस्थामा फेला परेको गाँजाको तौल ८ सय १० किलो रहेको थियो । मंसिर १७ गते रौतहट प्रहरीले गौर नगरपालिका-३ मा रहेको फलक पोल्ट्री फार्मबाट १ सय ८० किलो गाँजा बरामद गर्यो । फार्मभित्रै खाल्डो खनि लुकाएर राखिएको गाँजासँगै भारततर्फ लैजाँदै गरेको गाँजासहितको गाडी पनि प्रहरीले नियन्त्रणमा लिएको थियो ।
पुस ९ गते बाराको जितपुर सिमरा–७ जितपुरस्थित आदित्य होटलको कोठाबाट सशस्त्र प्रहरीले तीन जनालाई नियन्त्रणमा लिएर उनीहरूको साथबाट २ किलो युरेनियम नियन्त्रणमा लिएको थियो। नेपाल इन्टेलिजेन्स ब्युरोको विशेष सूचनाको आधारमा २९ वर्षीय रवि चौधरी, ३० वर्षीय सागर चौधरी र २२ वर्षीय बृज सहनीलाई नियन्त्रणमा लिएर युरेनियम बरामद गरेको थियो ।
सशस्त्र प्रहरी बल मधेस प्रदेशको तथ्यांकअनुसार २०७८ असोज १४ गतेदेखि २०७९ माघ ९ गतेसम्ममा प्रहरीले ४ हजार ३८७ किलो गाँजा बरामद गरेको छ भने १०२ बिघा ५ कट्ठामा लगाइएको गाँजा फडानी गरेको छ । त्यसैगरी, विभिन्न लागूऔषधहरू (कोरेक्स, नाइट्राभेट, फेनार्गन, डाइजापाम, नर्फिम) ६६ हजार १४३ पिस फेला पारेको छ । चरेस, ४२ किलो, ब्राउन सुगर, १२९ किलो, खैरो हिरोइन ११ ग्राम र युरेनियम २.५२० किलो बरामद गरेको प्रहरीले जनाएको छ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल